# जेरियाट्रिक स्वास्थ्य सेवा रणनीति, २०७८

(वि.सं. २०७८/७९ देखि २०८६/८७ सम्म)


नेपाल सरकार

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**

**जनसङ्ख्या व्यवस्थापन महाशाखा**

**रामशाहपथ, काठमाडौं**

वि.सं. २०७८

# विषयसूची


१. परिचय ........................................ १

  १.१ पृष्ठभूमि ........................................ १

  १.२ रणनीतिको आवश्यकता तथा औचित्य ........................................ २

  १.३ रणनीतिका प्राथमिकता ........................................ ३

२. दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य तथा रणनीति ........................................ ४

  २.१ दीर्घकालीन सोच ........................................ ४

  २.२ ध्येय ........................................ ४

  २.३ लक्ष्य ........................................ ४

  २.४ उद्देश्य ........................................ ५

  २.५ रणनीति ........................................ ५

  २.६ कार्यनीति ........................................ ६

३. रणनीतिको कार्यान्वयन ........................................ १७

४. रणनीति कार्यान्वयन योजना ........................................ २१

५. अनुगमन र मूल्याङ्कन ........................................ २१

६. स्वस्थ बुढेस्काललाई समृद्ध तुल्याउन कार्यमूलक अनुसन्धान ........................................ २२

७. नतिजा अनुगमन कार्यढाँचा ........................................ २२

८. प्रदेश तथा स्थानीय सरकारका रणनीति तथा कार्यका लागि मार्गदर्शन ........................................ २३

९. समीक्षा तथा परिमार्जन ........................................ २३

अनुसूचीहरू

  अनुसूची-१ः रणनीति कार्यान्वयन योजना* ........................................ २४

  अनुसूची-२ः नतिजा अनुगमन कार्यढाँचा ........................................ ४०

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको कुल जनसङ्ख्यामा मानिसको बाँच्ने औसत आयुमा भएको वृद्धिले नेपालमा मानव विकासमा प्रगति हुंदैगएको देखिन्छ । यसको प्रभाव मुलुकको मानवीय, सामाजिक तथा स्वास्थ्यसम्बन्धी स्थितिमा स्पष्ट रूपमा प्रतिबिम्वित भएका छन् ।

नेपाल सरकारले वि.सं. २०६१ सालदेखि नै राज्यकोषबाट सञ्चालन गर्ने गरी ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवाका कार्यक्रमको सुरुवात गरेको हो । यस कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिकका लागि निःशुल्क चिकित्सा सेवा समावेश गर्नुका साथै "ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कोष" को समेत व्यवस्था गरेको थियो । वि.सं. २०६३ सालको अन्तरिम संविधान तथा सेही वर्ष कार्यान्वयनमा ल्याइएको ज्येष्ठ नागरिक अधिकार ऐनले सबै ज्येष्ठ नागरिकका लागि आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै उनीहरूको संरक्षण र सामाजिक सुरक्षाको समेत व्यवस्था गरेको छ ।

वि.सं. २०६६ सालमा ज्येष्ठ नागरिकका लागि "आरोग्य आश्रम" को व्यवस्था गरिएको भएता पनि , यसको कार्यक्षेत्र सीमित हुनुका साथै कार्यान्वयन उपलब्धिको स्थितिपनि सन्तोषजनक रहेको देखिंदैन । कमजोर वित्तीय लगानी, साधन स्रोतको अभाव, पूर्वाधारको कमी, दक्ष जनशक्तिको अभाव, कमजोर संस्थागत व्यवस्था तथा न्यून सेवाप्रवाह क्षमताले गर्दा ज्येष्ठ नागरिकका स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्न कठिन भएको छ ।

"समतामूलक तथा समावेशी स्वास्थ्य सेवा" सरकारको प्राथमिकतामा रहँदैआएको छ । नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, पन्ध्रौ योजना (वि.सं. २०७६/७७ देखि २०८०/८१ सम्म) तथा स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिले यस विषयलाई सम्बोधन गरेको छ । यी नीतिगत व्यवस्थाले गुणस्तरीय स्वास्थ्य सेवामा ज्येष्ठ नागरिकको पहुँच बढाउने, स्वास्थ्य सेवाप्रवाह सुदृढ बनाइ ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्यलाई समावेशी बनाउनुका साथै उनीहरूको स्वास्थ्य आवश्यकताप्रति सरकारलाई उत्तरदायी बनाउँदै गएको छ ।

ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी जोखिमको स्थितिलाईसम्बोधन गर्नुपर्ने एवम् उनीहरूको स्वास्थ्य अधिकारको संरक्षण तथा उनीहरूका लागि आधारभूत तथा विशेष स्वास्थ्य उपचार सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्नेअपरिहार्यतालाई आत्मसात् गर्दै नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ तथा सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो रणनीति कार्यान्वयनमा ल्याएको छ ।

## १.२ रणनीतिको आवश्यकता तथा औचित्य

नेपालको संविधानले ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरी उनीहरूको सहज, सुरक्षित एवम् सम्मानित जीवनका लागि सामाजिक न्याय सुनिश्चित गर्न राज्यले विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्य, २०३० मा उल्लिखित लक्ष्य हासिल गर्न नेपालले प्रतिवद्धता जाहेर गरी सोअन्तर्गत सर्वव्यापी स्वास्थ्यमा पहुँच(Universal Health Coverage) सुनिश्चित गर्नका लागि "स्वास्थ्य सेवाबाट कोही पनि नछुटुन् (Leave No One Behind – LNOB) भन्ने मूलभावनालाई आत्मसात् गरिसकेको छ । त्यसैगरी विश्व स्वास्थ्य सङ्गठनको स्वस्थ बुढेस्कालसम्बन्धी रणनीति र कार्ययोजना, ज्येष्ठ नागरिकसम्बन्धी संयुक्त राष्ट्रसंघले अवलम्बन गरेको सिद्धान्तलाई कार्यरूपमा उतार्नका लागि नेपाल सरकारको पूर्ण प्रतिवद्धता रहिआएको छ ।

नेपालको पन्ध्रौ योजनाले ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूतिका लागि गुणस्तरीय स्वास्थ्य उपचार सेवा तथा हेरचाहको व्यवस्था गर्ने कार्यनीति अवलम्बन गरेको छ । यसका लागि स्थानीय तहमा ज्येष्ठ नागरिकका लागि आरोग्य आश्रमको स्थापना र सञ्चालन, शारीरिक तथा मानसिक रूपमा अशक्त तथा असहाय ज्येष्ठ नागरिकका लागि हेरचाह र औषधोपचारको व्यवस्था गर्नुका साथै बुढ्यौली रोग, अल्जाइमर्स तथा बिर्सने रोग आदिबाट प्रभावित ज्येष्ठ नागरिकका लागि औषधोपचारको व्यवस्था गरिने कुरा उल्लेख गरिएको छ । यी माथि उल्लिखित संवैधानिक प्रावधान, आवधिक योजनाले गरेको व्यवस्था, ज्येष्ठ नागरिकको स्वस्थ्य तथा सम्मानित जीवनका लागि गुणस्तरीय स्वास्थ्य उपचार सेवा तथा दिगो मानव विकासको प्रत्याभूतिका लागि नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई यथार्थमा परिणत गर्नका लागि यस रणनीतिको अपरिहार्यता रहेको छ ।

यस रणनीतिले बुढेस्कालको जीवन बिताइरहेका नागरिकको स्वास्थ्य स्थितिमा सुधार गर्नका लागि गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि मार्गदर्शन गर्नुका साथै यसका लागि राज्यको जवाफदेहिता स्पष्ट गरेको छ । प्रायःजसो ज्येष्ठ नागरिकहरू गम्भीर स्वास्थ्य स्थितिमा रहेका, उनीहरू असाध्य र जटील रोगबाट पीडित रहने गरेको, उनीहरूको क्रियाशीलता र काम गर्नसक्ने क्षमता कम हुंदै गइरहेको जस्ता स्वास्थ्यसम्बन्धी कमिकमजोरीको सन्दर्भ तथा स्वस्थ जीवनको आवश्यकतालाई आत्मसात् गर्दै बृद्धावस्थाका ज्येष्ठ नागरिकको स्वास्थ्य संवर्द्धनका लागि योजना बनाउने, वित्तीय व्यवस्था गर्ने तथा स्वास्थ्य उपचार एवम् स्वास्थ्य संरक्षणात्मक सेवा उपलब्ध गराउने गरी यस रणनीतिले विस्तृत कार्यढाँचा तय गरेको छ ।

यो रणनीतिले स्वस्थ बुढेस्कालको अवधारणालाई आत्मसात् गरेको छ, जसमा जनसङ्ख्याको गतिशीलतालाई सम्बोधन गर्नेलगायत ज्येष्ठ नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहमा आधारित रणनीतिगत दृष्टिकोणहरूको समेत संयोजन गरेको छ । यसमा खासगरी सबै जनताको स्वस्थ बुढेस्काल सुनिश्चित गर्नका लागि दीर्घकालीक स्वास्थ्यमा आधारित तन्दुरुस्त जीवन जीउने, गम्भीर तथा विशिष्टीकृत स्वास्थ्य आवश्यकताको परिपूर्ति गर्ने तथा स्वस्थ जीवनको पुनःप्राप्ति तथा स्वास्थ्य पुनर्स्थापनाका लागि प्रतिरोधात्मक तथा प्रवर्द्धनात्मक उपायको अवलम्बन गर्ने, स्वास्थ्य उत्थानशीलता (resilience) बढाउने तथा प्राथमिक तहको स्वास्थ्य उपचारका लागि प्रभावकारी रूपमा सेवा सुविधा उपलब्ध गराउने विषय मुख्य रूपमा समावेश गरिएको छ । साथै, यस रणनीतिले जेरियाट्रिक स्वास्थ्यसम्बन्धी विषय तथा मुद्दालाई राष्ट्रिय स्वास्थ्य प्रणालीमा मूलप्रवाहीकरण गर्ने, प्रभावकारी स्वास्थ्य सेवाका लागि जवाफदेहिता प्रणाली कायम गर्नका लागि स्पष्ट व्यवस्था गर्नुका साथै रणनीतिको सान्दर्भिकता तथा प्रभावकारिताका लागि प्रदेश तथा स्थानीय तहमा समेत समानुकूलन (adaptation/customization)गर्नुपर्ने अपरिहार्यतालाई प्रष्ट पारेको छ ।

सर्वव्यापी स्वास्थ्य पहुँचको प्रभावकारी कार्यान्वयनको रूपमा नेपालका सबै ज्येष्ठ नागरिकका लागि व्यापक तथा गुणस्तरीय रूपमा स्वास्थ्योपचार सेवा प्रत्याभूत गर्ने सरकारको प्रतिवद्धतालाई यस रणनीतिले समेटेको छ ।

## १.३ रणनीतिका प्राथमिकता

नेपालको संवैधानिक तथा नीतिगत प्रतिवद्धताले सबै नागरिकको स्वस्थ बुढेस्कालका लागि दरिलो आधार प्रदान गरेको छ । स्वस्थ बुढेस्काल भन्नाले सबैलाई तन्दुरुस्त जीवन जीउनका लागि क्रियाशील क्षमताको विकास र त्यस्तो क्षमतालाई निरन्तरता प्रदान गर्ने प्रक्रियालाई बुझाउँदछ । यस रणनीतिले ज्येष्ठ नागरिलाई स्वस्थ बुढेस्कालको प्रत्याभूत गर्न, सोका लागि आवश्यक सहयोग एवम् सेवासुविधा पुऱ्याउन तथा गुणस्तरीय स्वास्थ्योपचार सेवा उपलब्ध गराउनका लागि राज्यको क्षमता सुदृढ तुल्याउने अभिप्राय राखेको छ । सर्वव्यापी स्वास्थ्य सेवाका लागि नेपालको अग्रसरताको अभिन्न पक्षका रूपमा रहेको यस रणनीतिका प्राथमिकताका क्षेत्र देहायबमोजिम रहेका छन्ः

१. ज्येष्ठ नागरिकका लागि गुणस्तरीय स्वास्थ्य उपचार सेवामा सहज पहुँच एवम् उपलब्धता,

२. ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन तथा संरक्षण, गुणस्तरीय स्वास्थ्य उपचार सेवाप्रवाह तथा सामाजिक स्वास्थ्य बिमाको सक्षम कार्यान्वयन तथा सुदृढीकरण,

३. स्वस्थ बुढेस्कालका सम्बन्धमा सचेतना र जागरणका लागि बहुपक्षीय अधिवाचन (advocacy),

४. स्वस्थ बुढेस्कालका लागि पारिवारिक तथा सामुदायिक सहयोग प्रणालीको सुदृढीकरण र विस्तार,

५. ज्येष्ठ नागरिकका लागि सबै तहमा आधारभूत उपचारात्मक सेवा, दीर्घकालीक उपचार, समुदायमा आधारित उपचार तथा घरायसी तहका उपचारात्मक सेवामा संलग्न स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि,

६. ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास, उपयोग र अद्यावधिक गर्न आधार निर्माण, उपयोग एवम् सुदृढीकरण,

७. ज्येष्ठ नागरिकका लागि गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न उपयुक्त जनशक्तिको योजना, व्यवस्थापन र विकास,

८. ज्येष्ठ नागरिकका लागि लैङ्गिक समतायुक्त तथा समावेशी स्वास्थ्य उपचार सेवाको प्रत्याभूति तथा जवाफदेहिताको सुनिश्चितता,

९. वित्तीय रूपमा दिगो प्रणालीका ज्येष्ठ नागरिक लक्षित सामाजिक स्वास्थ्य बिमा प्रणालीको प्रभावकारी कार्यान्वयन, सुदृढीकरण तथा विस्तार,

१०. प्रदेश तथा स्थानीय तहमा जेरियाट्रिक स्वास्थ्य सेवाको संस्थागत एकीकरण तथा विकास ।

# २. दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य तथा रणनीति

## २.१ दीर्घकालीन सोच

“सबै ज्येष्ठ नागरिकका लागि अर्थपूर्ण, गुणस्तरीय तथा स्वस्थ जीवन”

## २.२ ध्येय

स्वास्थ्य प्रवर्द्धन तथा संरक्षण, प्रभावकारी स्वास्थ्य सेवाप्रवाह तथा सुदृढ सामाजिक स्वास्थ्य बिमा प्रणालीका माध्यमबाट ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकारको संरक्षण गर्नु ।

## २.३ लक्ष्य

सबै ज्येष्ठ नागरिकका लागि अधिकतम स्वास्थ्य संरक्षण र प्रभावकारी स्वास्थ्य सेवा सुनिश्चित गरी उनीहरूलाई क्रियाशील र गुणस्तरीय जीवन हासिल गर्न सक्षम बनाउने ।

## २.४ उद्देश्य

यस रणनीतिका मुख्य उद्देश्य देहायबमोजिम रहेका छन्ः

१. ज्येष्ठ नागरिकलाई जीवनपर्यन्त स्वास्थ्य प्रवर्द्धन र संरक्षणका सेवा उपलब्ध गराउनु ।

२. ज्येष्ठ नागरिकका लागि प्रभावकारी, समावेशी तथा जवाफदेही स्वास्थ्य सेवाप्रवाह प्रणाली सुदृढ बनाउनु ।

३. जेरियाट्रिक स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउन बहुपक्षीय समन्वय, सामञ्जस्य, सहकार्य तथा साझेदारीको प्रवर्द्धन गर्नु ।

## २.५ रणनीति

१. स्वस्थ जीवन जीउनका लागि ज्येष्ठ नागरिकलाई उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धनात्मक कार्य गर्न परिवार तथा समुदाय तहमा सचेतना र जागरण अभिवृद्धि गर्ने । (उद्देश्य १)

२. ज्येष्ठ नागरिकका लागि स्वास्थ्य संरक्षणका पद्धति सुदृढ तुल्याउने तथा विस्तार गर्ने । (उद्देश्य १)

३. गुणस्तरीय स्वास्थ्य सेवा तथा सहायक सामग्रीमा ज्येष्ठ नागरिकको पहुँच र उपयोग बढाउने तथा उपचार खर्च वहन गर्न सक्ने क्षमता वृद्धि गर्ने । (उद्देश्य १)

४. ज्येष्ठ नागरिकका स्वास्थ्य आवश्यकतालाई यथोचित रूपमा सम्बोधन गर्नका लागि ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य प्रणालीको विकास तथा अनुकूलन गर्ने । (उद्देश्य २)

५. बढ्दो उमेरसँग सम्बन्धित स्वास्थ्य सेवालाई प्रभावकारी तथा दक्ष तवरले उपलब्ध गराउन स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित गर्नुका साथै उनीहरूको पेशागत तथा प्राविधिक कौशल अभिवृद्धि गर्ने । (उद्देश्य २)

६. ज्येष्ठ नागरिक तथा उनीहरूका परिवारका सदस्यको आवश्यकतालाई सम्बोधन गर्ने गरी सामाजिक स्वास्थ्य बिमा प्रणालीमा नवीन तथा कार्यान्वयनयोग्य सुधारका उपायसहित विस्तार तथा सुदृढीकरण गर्ने । (उद्देश्य २)

७. ज्येष्ठ नागरिकको स्वास्थ्य सरोकारका पक्षलाई सबै तहको स्वास्थ्य सेवाप्रवाह प्रणालीमा मूलप्रवाहीकरण तथा संस्थागत गर्ने । (उद्देश्य ३ )

८. प्रभावकारी रूपमा जेरियाट्रिक स्वास्थ्य सेवाका लागि अन्तरतहगत तथा अन्तरक्षेत्रगत समन्वय र सामञ्जस्य सुदृढ तुल्याउने । (उद्देश्य ३ )

## २.६ कार्यनीति

**२.६.१ ज्येष्ठ नागरिक तथा उनीहरूको परिवारको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न सूचना, शिक्षा तथा सञ्चार कार्यनीतिको निर्माण तथा कार्यान्वयन गरिने छ । (रणनीति १)**

**कार्यक्रम र क्रियाकलाप**

१. ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकारसम्बन्धी विषयका नीति, कानुन, निर्देशिका तथा कार्यविधिका बारेमा जनमानसमा सचेतना र जागरण पैदा गर्ने ।

२. पुस्ता-पुस्ताबीचमा आपसी विश्वास बढाउन र अन्तरसम्बन्धमा रहेका गतिरोध तथा असमझदारीको अन्त्य गर्नुका साथै बुढेस्कालका बारेमा रहिआएका नकारात्मक पक्ष र सोबाट स्वास्थ्यमा पर्ने असरलाई सम्बोधन गर्न अभियानमूलक उपाय अवलम्बन गर्ने ।

३. ज्येष्ठ नागरिकको स्वास्थ्यको उचित हेरचाह घरमा नै गर्नका लागि घरायसी तहका हेरचाहकर्ताको ज्ञान र सीप अभिवृद्धि गर्ने तालिम सञ्चालन गर्ने ।

**२.६.२ अपाङ्गता भएका र गम्भीर बिरामीको अवस्थामा रहेका ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी विशेष आवश्यकताका बारेमा प्राथमिक तहका स्वास्थ्यकर्मीहरूलाई प्राथमिक उपचारमा दक्ष बनाउने । (रणनीति १)**

**कार्यक्रम र क्रियाकलाप**

१. बृद्धावस्थासँग सम्बन्धित स्वास्थ्यको लेखाजोखा एवम् रोग प्रतिरोधात्मक तथा प्रवर्द्धनात्मक उपायका विषयमा स्वास्थ्यकर्मीहरूका लागि कार्यविधि पुस्तिका निर्माण गर्ने ।

२. स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि जेरियाट्रिक स्वास्थ्यका विषयमा अभिमुखीकरण र सचेतनामूलक कक्षा सञ्चालन गर्ने ।

३. प्राथमिकतहकास्वास्थ्यकर्मीहरूका लागि ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी आवश्यकताको लेखाजोखा गर्न सक्ने बनाउन आवश्यक पर्ने सीप र दक्षताको विकास गर्ने ।

४. ज्येष्ठ नागरिकको हाइपर्टेन्सन, मधुमेह तथा सर्वाइकल क्यान्सरजस्ता रोगको परीक्षण गर्ने र चाँडोभन्दा चाँडो रोग पत्ता लगाउन सक्ने गरी नियमित रूपमा परीक्षण सेवा सञ्चालन गर्न सक्ने बनाउन प्राथमिक तहका स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान गर्ने ।

**२.६.३ ज्येष्ठ नागरिकको स्वास्थ्य स्थिति तथा उनीहरूका पूरा हुन नसकेका स्वास्थ्य आवश्यकताको पहिचान हुने गरी विद्यमान सूचना व्यवस्थापन प्रणाली सुदृढ गरिने छ । रणनीति २)**

**कार्यक्रम र क्रियाकलाप**

१. ज्येष्ठ नागरिकका स्वास्थ्य आवश्यकता, उनीहरूको स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक तथा आर्थिक कारक तत्वहरूको पहिचान गरी कम खर्चमा गर्न सकिने हेरचाह सेवाका उपायसम्बन्धी विषयको लेखाजोखा गर्ने ।

२. गुणस्तरीय स्वास्थ्य उपचार सेवामा ज्येष्ठ नागरिकको पहुँचसँग सम्बन्धित कमी तथा अन्तरको मापन गर्ने ।

३. समतायुक्त रूपमा तथा वहन गर्न सकिने गरी स्वास्थ्य सेवा कम पुगेका क्षेत्रका ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखी सेवा विस्तार गर्ने ।

**२.६.४ ज्येष्ठ नागरिकका लागि खोप सेवा विस्तार गरिने छ । (रणनीति २)**

**कार्यक्रम र क्रियाकलाप**

१. स्वास्थ्य संस्थाबाट ज्येष्ठ नागरिकको खोप आवश्यकताको समयमै पहिचान गर्न सक्ने गरी क्षमता सुदृढ गर्ने ।

२. ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी जोखिम घटाउन तथा खोपका माध्यमबाट रोकथाम र निराकरण गर्न इन्फ्लुएन्जा, Pneumococcal, Shingles/Zoster तथा Tetanusविरुद्ध खोप सेवा उपलब्ध गराउने ।

**२.६.५ गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राप्त गर्न ज्येष्ठ नागरिकको उपचार खर्च वहन गर्न सक्ने क्षमता वृद्धि गरिने छ । (रणनीति ३)**

**कार्यक्रम र क्रियाकलाप**

१. बुढेस्कालका व्यक्तिको उपचारका लागि सबै तहमा एलोपेथिक उपचार पद्धति तथा परम्परागत चिकित्सा पद्धतिबीच सामञ्जस्य र एकीकरण सुदृढ गर्ने ।

२. चालीस वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याका लागि नसर्ने रोगको समयमै प्रतिरोधात्मक उपाय अवलम्बन गर्न समुदायमा आधारित परीक्षण सेवाको प्रणाली स्थापना तथा विस्तार गर्ने ।

३. अल्जाइमर तथा जेरियाट्रिकसम्बन्धी पार्कीन्सन्स, दमरोग, मुटुरोग, मिर्गौलारोग, क्यान्सरजस्ता रोगबाट ग्रसित ज्येष्ठ नागरिकका लागि निःशुल्क चिकित्सा सेवा उपलब्ध गराउने ।

**२.६.६ ज्येष्ठ नागरिकको स्वस्थ र सम्मानित बुढेस्कालका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिने छ । (रणनीति ३)**

**कार्यक्रम र क्रियाकलाप**

१. तथ्यप्रमाणमा आधारित योजना निर्माण तथा स्वास्थ्य उपचार सेवाप्रवाह एवम् उपचार सेवाको उपयोगलाई सहयोग पुग्ने गरी लिङ्गभेद, उमेर, गरिबी, भौगोलिक अवस्थिति, जातीयता, जात तथा धर्मका आधारमा सामाजिक खण्डीकृत तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने ।

२. एल.एन.ओ.बी. बजेट मार्करका आधारमा ज्येष्ठ नागरिकका लागि प्रतिरोधात्मक तथा उपचारात्मक स्वास्थ्य कार्यक्रम तर्जुमा गर्ने ।

३. महिला ज्येष्ठ नागरिकको यौनिक तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्ने गरी समावेशी स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्ने ।

४. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न उनीहरूको स्वास्थ्य आवश्यकताको पहिचान गरी लैङ्गिक समानता र समावेशिताका दृष्टिले उपयुक्त स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।

**२.६.७ आवश्यकता र औचित्यका आधारमा ज्येष्ठ नागरिकलाई औषधी उपलब्ध गराउने तथा उनीहरूको स्वास्थ्य जोखिमको निराकरण गर्न तथा प्रतिकार्य सेवा प्रदान गर्ने प्रभावकारी तथा दक्ष प्रणालीको स्थापना गरिने छ । (रणनीति ३)**

**कार्यक्रम र क्रियाकलाप**

१. बहुऔषधीय उपभोगसँग सम्बन्धित ज्येष्ठ नागरिकका सम्भाव्य स्वास्थ्य जोखिमको लेखाजोखा गर्ने।

२. ज्येष्ठ नागरिकका लागि निःशुल्क रूपमा औषधी उपलब्ध गराउने ।

३. उच्च रक्तचाप, मधुमेह, मुटुको रोग, मिर्गौलारोग, क्यान्सरको उपचारका लागि ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार सेवा प्रदान गर्ने ।

४. ज्येष्ठ नागरिकका लागि उपलब्ध गराइएको औषधीय सेवाको प्रभावको लेखाजोखा गर्ने र आवश्यकतानुसार सुदृढ तुल्याउँदै लैजाने ।

५. शारीरिक तथा मानसिक रूपमा अशक्त, असहाय तथा संरक्षणविमुख ज्येष्ठ नागरिकका लागि निःशुल्क रूपमा स्वास्थ्य उपचार तथा स्वास्थ्य संरक्षणको सेवा प्रदान गर्ने ।

**२.६.८ जेरियाट्रिक स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउनका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणाली तथा लगानीको कार्यढाँचाको विकास गरिने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक स्वास्थ्य उपचारका कार्यक्रममा ज्येष्ठ नागरिकको सन्दर्भलाई आत्मसात् गर्ने गरी लगानी गर्नका लागिसमर्पित लगानीको कार्यढाँचासहितको बजेटका प्राथमिकता निर्धारण गर्ने ।

२. सङ्घीय योजना तथा बजेटमा जेरियाट्रिक स्वास्थ्यको मुद्दालाई एकीकृत गरी पेशागत सङ्घसंस्था, नागरिक समाजका सङ्गठन तथा निजीक्षेत्रका सङ्घसंस्थासँग सहकार्य गर्ने ।

३. जेरियाट्रिक स्वास्थ्य सेवाका लागि पर्याप्त वित्तीय स्रोत परिचालन गर्न गराउन अधिकार सम्पन्न निकायहरूमा अधिवाचन गर्ने र सचेतना जगाउने ।

४. जेरियाट्रिक स्वास्थ्य प्रणालीका लागि कार्यक्रम बजेट र वित्तीय लगानीका दृष्टिले तथ्यपरक र वस्तुगत तुल्याउन स्वास्थ्य उपचार सेवाका आधारभूत नर्मस्सहित क्रियाकलापमा आधारित लागत गर्ने कार्यढाँचा (costing framework) निर्माण गर्ने ।

**२.६.९ ज्येष्ठ नागरिकका लागि समुदायमा आधारित उपचार सेवालगायत सबै तहका स्वास्थ्य प्रणालीका स्वास्थ्य उपचार सेवा सुविधालाई सुदृढ गर्नुका साथै जेरियाट्रिक स्वास्थ्यका दृष्टिले तादात्म्य (compatible) तुल्याइने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. शारीरिक तथा मानसिक रूपमा अस्वस्थता भएका ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारलाई व्यवस्थित, स्तरीय तथा नियमित बनाउन सोसम्बन्धी न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल प्रोटोकल निर्माण गरी लागू गर्ने ।

२. प्रत्येक प्रदेशमा कम्तीमा एक अस्पतालमा जेरियाट्रिक विशिष्टतासहित सुविधा सम्पन्न तथा साधनस्रोतसहितको विभाग स्थापना तथा सञ्चालन गर्ने ।

३. पचास सैयाभन्दा बढीको क्षमता भएका स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि अस्पतालमा ओ.पी.डी. सेवासहित विशेष उपचार कक्षको निर्माण गरी सञ्चालन गर्ने ।

४. एकसय सैयाभन्दा बढीको क्षमता भएका स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि छुट्टै वार्डको स्थापना गरी सञ्चालन गर्ने ।

५. ज्येष्ठ नागरिकको स्वास्थ्य आवश्यकताको परिपूर्ति हुने गरी स्वास्थ्य उपचारसम्बन्धी प्रविधि र सेवा पूर्वाधारलाई सुधार्ने र क्यालिब्रेट गर्ने ।

६. ज्येष्ठ नागरिकको स्वास्थ्य आवश्यकताको सम्बोधन हुने गरी गुणस्तरीय तथा विशिष्टतवरले चिकित्सा सेवा उपलब्ध गराउन उपयुक्त प्रेषण संयन्त्र (referral mechanism)को विकास गर्ने।

७. ज्येष्ठ नागरिकको चिकित्सा सेवा निःशुल्क रूपमा उपलब्ध गराउन सक्षम हुने गरी हालको सामाजिक सेवा एकाइलाई जनशक्ति, कार्यक्रम र बजेटको पर्याप्ततासहित संस्थागत क्षमता सुदृढ र विस्तार गर्ने ।

**२.६.१० ज्येष्ठ नागरिकका लागि दीर्घकालीन स्वास्थ्य उपचार सेवा** (Long-term care) **उपलब्ध गराउन दिगो तथा समतायुक्त प्रणालीको विकास गरिने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. कम साधन स्रोत तथा कम सुविधा भएका स्वास्थ्य सेवाको संस्थापनमा केन्द्रित हुने गरी दीर्घकालीक स्वास्थ्य उपचार सेवाको गुणस्तरमा सुधार गर्न निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

२. ज्येष्ठ नागरिकका लागि दीर्घकालीक स्वास्थ्य उपचार सेवा सुरू गर्न तथा सो सेवाको विस्तार गर्न प्रदेश तथा स्थानीय तहलाई प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने ।

३. बहुऔषधीय उपयोगबाट हुन सक्ने नकारात्मक असर र परिणामलाई घटाउन ज्येष्ठ नागरिकको औषधीय सुरक्षाका लागि पोलिफार्मेसी संयन्त्र स्थापना गर्ने ।

४. ज्येष्ठ नागरिकलाई लक्षित गरी दूरचिकित्सा (Telemedicine) तथा डिजिटाइज्ड उपचारप्रणालीको माध्यमबाट स्वास्थ्य सेवाप्रवाहको सुदृढ तथा विस्तार गर्ने ।

५. संस्थागत संरचनाको तहमा ज्येष्ठ नागरिकलाई प्रशामक (Palliative) उपचार सेवालगायत दीर्घकालीक उपचार सेवा उपलब्ध गराउनसबै क्षेत्रका नर्स, नर्स सहयोगी तथा सामाजिक कार्यकर्ता एवम् स्वयंसेवकको समूह बनाइ परिचालन गर्ने ।

६. दीर्घकालीक उपचार सेवाका लागि बुढेस्कालका व्यक्ति, उनीहरूको परिवार तथा समुदायका साथै उपचार सेवाप्रवाहकर्ता तथा ज्येष्ठ नागरिकका सङ्गठनहरूका बीचमा साझेदारी निर्माण गर्ने ।

७. घरायसी तहको उपचार एवम् दीर्घकालीक उपचार केन्द्रमा रहेका व्यक्तिका सम्बन्धमा जेरियाट्रिक स्वास्थ्य सेवा सुविधा उपलब्ध भएका नजिकको स्वास्थ्य संस्थामा उपचार गराउन सकिने गरी उपयुक्त प्रेषणको संयन्त्र स्थापना गर्ने ।

**२.६.११ जेरियाट्रिक स्वास्थ्य सेवाका लागि जवाफदेही प्रणाली सुनिश्चित गर्नुका साथै विद्यमान प्रणालीलाई जवाफदेहिताको दृष्टिले संवर्द्धन गरिने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. स्वस्थ बुढेस्कालसँग सम्बन्धित सेवाप्रवाह र कार्यसम्पादनका सूचकहरूलाई अनुगमन र मूल्याङ्कनका साथै सिकाइका कार्यढाँचा एवम् सबै तहमा आवधिक रूपमा गरिने स्वास्थ्य सेवाको प्रगति समीक्षा तथा विकास समस्या समाधान पद्धतिसँग एकीकृत गर्ने ।

२. जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादनका लागि बहुतहगत एकीकृत प्रतिवेदन प्रणालीसहितको अनुगमन तथा मूल्याङ्कन कार्यढाँचाको विकास गर्ने ।

३. सरकारी निकाय तथा विभिन्न सरोकारवालाहरूबीच ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारसम्बन्धी सूचना र जानकारीको आदान-प्रदान गर्न सञ्जालको संयन्त्र विकास गर्ने ।

४. जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादन र परिपालना स्थितिको स्वतन्त्र रूपमा परीक्षण गर्न तथा स्वास्थ्य सेवाका संस्थाहरूको जवाफदेहितामा सुधार गर्ने उपायका लागि जेरियाट्रिक स्वास्थ्य सेवाको प्रभाव मूल्याङ्कन गराउने ।

५. जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादनलाई विद्यमान स्वास्थ्य क्षेत्रको आवधिक तथा वार्षिक कार्यसम्पादन प्रगतिको समीक्षा संयन्त्रसँग आवद्ध र एकाकार गर्ने ।

६. जेरियाट्रिक स्वास्थ्य सेवाको उपयुक्तता तथा प्रभावकारिता अभिवृद्धि गर्न स्वतन्त्र रूपमा कार्यमूलक अनुसन्धान गराउने ।

**२.६.१२ एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा ज्येष्ठ नागरिकले उपयोग गरेका सेवासँग सम्बन्धित सूचकहरू एकाकार तथा आवद्ध गरिने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. स्थानीय तहका स्वास्थ्य संस्थाहरूले ज्येष्ठ नागरिकको स्वास्थ्य स्थितिको नक्साङ्कन एकीकृत रूपमा गर्ने गरी प्रणालीको विकास गर्ने ।

२. उमेरमा आधारित, लैङ्गिक भिन्नता तथा सामाजिक एवम् आर्थिक रूपमा खण्डीकृत सूचना र तथ्याङ्कलाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, जेरियाट्रिक स्वास्थ्य योजना, कार्यक्रम निर्माण र बजेट तर्जुमाको कार्यमा उपयोग गर्ने गरी एकीकृत तथा सुदृढ गर्ने ।

३. जेरियाट्रिक स्वास्थ्य सरोकारका विषयलाई तथ्य प्रमाणको विश्लेषणमा आधारित हुने गरी सुदृढ गर्ने ।

**२.६.१३कोविड-१९ तथा अन्य किसिमका महामारीबाट ज्येष्ठ नागरिकमा हुने स्वास्थ्य जोखिमलाई अल्पीकरण (mitigation)र न्यूनीकरण गर्नका लागि स्वास्थ्य उपचारसम्बन्धी प्रतिकार्य तथा सेवा उपलब्ध गराइने छ । (रणनीति ४)**

**कार्यक्रम र क्रियाकलाप**

१. कोविड-१९ को प्रतिकार्यका लागि जेरियाट्रिक तन्दुरुस्ती, स्वउपचार तथा रोकथामका सम्बन्धमा शिक्षा तथा जागरण अभिवृद्धि गर्न रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम तथा अनलाइन पद्धतिजस्ता आमसञ्चारका माध्यमबाट अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने ।

२. जोखिमको स्थितिमा रहेका ज्येष्ठ नागरिकका लागि दूरचिकित्सा सेवा तथा टाढा रहेर पनि प्राप्त गर्न सकिने स्वास्थ्य परामर्श सेवाको सुरूवात गर्ने ।

३. बढ्दो उमेर समूहका वयस्क व्यक्तिका लागि प्रतिरोधात्मक अभ्यासलाई बढावा दिने र उनीहरूको स्वास्थ्य सेवामा पहुँचमा सुधार गर्नका लागि अनौपचारिक तहमा रही कार्य गर्ने हेरचाहकर्ताहरूलाई प्रशिक्षित तथा सशक्त तुल्याउने ।

४. सामुदायिक स्वास्थ्य केन्द्र तथा उन्नत तवरले उपचार सेवा उपलब्ध गराउने निकायबीच ज्येष्ठ नागरिकलाई प्रभावकारी रूपमा प्रेषण सेवा तथा क्लिनिकल उपचार सेवा उपलब्ध गराउनका लागि सहकार्यात्मक पद्धतिमा सुधार गर्ने ।

५. कोविड-१९कोसङ्क्रमणको निदान गरिएका वा शङ्कास्पद देखिएका ज्येष्ठ नागरिकलाई नजिकको स्वास्थ्य सेवा दिने संस्थामा पुऱ्याउनका लागि विशेष किसिमको एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

६. कोविड-१९ विरुद्ध सबै ज्येष्ठ नागरिकलाई खोप लगाउन योजना बनाउने र कार्यान्वयन गर्ने ।

**२.६.१४ जेरियाट्रिक स्वास्थ्यको क्षेत्रमा पेशागत रूपमा दक्ष जनशक्ति पर्याप्त मात्रामा उपलब्ध गराउन मानवस्रोत विकास योजना कार्यान्वयन गरिने छ । (रणनीति ५)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक स्वास्थ्यकर्मीको उपलब्धता, क्षमता र आवश्यकताको लेखाजोखा र विश्लेषण गर्न जनशक्ति योजना बनाउने ।

२. सङ्घीय तथा प्रदेश तहका अस्पतालमा जेरियाट्रिक विशेषज्ञता भएका चिकित्सकको पदको दरबन्दी स्वीकृत गर्ने र पदपूर्ति गराउने ।

३. चिकित्सा प्रतिष्ठान तथा पेशागत सङ्घसंस्थासँग जेरियाट्रिक स्वास्थ्य क्षेत्रका विज्ञको उपलब्धताका लागि प्रेरित (persuasive) साझेदारी निर्माण गर्ने ।

**२.६.१५ जेरियाट्रिक क्षेत्रका स्वास्थ्यकर्मीलाई प्रभावकारी रूपमा उपयोग गर्नका लागि उनीहरूमा उत्प्रेरणा र मनोवल बढाउने कार्य गरिने छ । (रणनीति ५)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक विषयमा विषयविज्ञ चिकित्सकको सूची तयार गरी अद्यावधिक गर्ने ।

२. सरकारी तथा निजीक्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत जेरियाट्रिक विषयका विज्ञ स्वास्थ्य कर्मचारीको वृत्ति विकासको योजना बनाइ कार्यान्वयन गर्ने ।

**२.६.१६प्रभावकारी रूपमा जेरियाट्रिक स्वास्थ्य सेवाप्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता विकास गरिने छ । (रणनीति ५)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक स्वास्थ्य सेवाका लागि जनशक्ति क्षमताविकासको योजना कार्यान्वयन गर्ने ।

२. निर्दिष्ट स्वास्थ्य संस्थामा उपचारमा संलग्न विज्ञ तथा स्वास्थ्यकर्मीका लागि जेरियाट्रिक स्वास्थ्य सेवाको विषयमा तालिम प्रदान गरी पेशागत दक्षताको विकास गर्ने ।

३. स्नातक तथा स्नातकोत्तर तहको तालिमका लागि जेरियाट्रिक विषयको पाठ्यक्रम निर्माण गर्ने तथा सरकारले सञ्चालन गरेको स्वास्थ्य प्रतिष्ठान र विश्वविद्यलयमा चिकित्सा विज्ञान तथा नर्सिङ विषयमा जेरियाट्रिक विषयको एम्.डी. र एम्.एन.को अध्ययन सुरू गर्ने ।

४. सेवाकालीन तालिम (एम्.बी.बी.एस्. तथा स्नातक तह र उच्च माध्यमिक तहका नर्सिङ्ग विषयका स्वास्थ्यकर्मीका लागि) तथा निरन्तर पेशागत विकासका कार्यक्रममा जेरियाट्रिक विषय समावेश गर्ने ।

५. विभिन्न तहका स्वास्थ्य संस्थामा जेरियाट्रिक स्वास्थ्य सेवा सञ्चालन गर्नका लागि आवश्यक पर्ने जेरियाट्रिक विशेषज्ञ जनशक्तिको अभावको पूर्ति गर्ने गरी एम्.डी.जी.पी. विशेषज्ञहरूका लागि जेरियाट्रिक चिकित्साको क्षेत्रमा फेलोशीप कार्यक्रम सुरू गर्ने ।

६. औपचारिक तथा अनौपचारिक क्षेत्रका हेरचाहकर्ता (परम्परागत चिकित्सामा संलग्नसमेत) को ज्ञान र सीप अभिवृद्धिका लागि तालिम सामग्री, प्रविधि तथा व्यवस्थापन पद्धतिसहितको तालिम प्याकेजको विकास गर्ने ।

७. सङ्घीय तथा प्रदेश तहका अस्पतालहरूमा जेरियाट्रिक चिकित्सा सेवामा सहयोग पुऱ्याउन जेरियाट्रिक उपचारमा संलग्न मेडिकल अधिकृत तथा नर्सिङ सेवाका कर्मचारीलाई पेशागत दक्षता अभिवृद्धि प्रशिक्षण प्रदान गर्ने ।

**२.६.१७अस्पताल तथा स्वास्थ्य संस्थाको सामाजिक स्वास्थ्य बिमा सेवा व्यवस्थापन क्षमताको विकास गरिने छ । (रणनीति ६)**

**कार्यक्रम र क्रियाकलाप**

१. ज्येष्ठ नागरिकको स्वास्थ्य आवश्यकता सम्बोधन गर्न अस्पतालहरूको बिमा व्यवस्थापन क्षमताको लेखाजोखा गर्ने ।

२. ज्येष्ठ नागरिक र उनीहरूको परिवारका लागि उपलब्ध गराइएका स्वास्थ्य बिमा कार्यक्रमका सम्बन्धमा अस्पतालहरूको स्वास्थ्य बिमा कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

३. ज्येष्ठ नागरिकका लागि कार्यान्वयनमा ल्याइएको सामाजिक स्वास्थ्य बिमाको विद्यमान प्रणालीको प्रभावकारिताका सम्बन्धमा कार्यमूलक अनुसन्धान गर्ने र सुधारका लागि सिफारिस गर्ने ।

४. ज्येष्ठ नागरिकका लागि सामाजिक स्वास्थ्य बिमाको कार्यक्रमलाई संस्थागत गर्न अस्पताल व्यवस्थापनको क्षमता विकास गर्न कार्यक्रम कार्यान्वयन गर्ने ।

**२.६.१८ सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा ज्येष्ठ नागरिक तथा तिनका परिवारलाई सहभागी गराउन प्रोत्साहित र उत्प्रेरित गरिने छ । (रणनीति ६)**

**कार्यक्रम र क्रियाकलाप**

१. सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा भाग लिन ज्येष्ठ नागरिक र तिनका परिवारलाई जागृत गर्न तथा उत्प्रेरित गर्न अभियान सञ्चालन गर्ने ।

२. ज्येष्ठ नागरिक र तिनका परिवारलाई सामाजिक बिमा कार्यक्रममा भाग लिनका लागि परिआएका बाधाअड्चनको लेखाजोखा गर्न स्वतन्त्र रूपमा अध्ययन गराउने ।

३. विपन्न तथा सीमान्तीकृत समुदायका ज्येष्ठ नागरिकलाई हाल कार्यान्वयनमा रहेको तथा विस्तार हुने सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा पहुँच बढाउन र उनीहरूलाई उत्प्रेरित गर्न योजना बनाउने ।

**२.६.१९ ज्येष्ठ नागरिकका लागि गरिने सामाजिक स्वास्थ्य बिमा योजनामा थप लगानीका लागि वहन गर्न सकिने तथा दिगो किसिमको वित्तीय उपाय अवलम्बन गरिने छ । (रणनीति ६)**

**कार्यक्रम र क्रियाकलाप**

१. ज्येष्ठ नागरिकका लागि कार्यान्वयनमा ल्याइएको सामाजिक स्वास्थ्य बिमा प्रणालीका लागि गरिएको वित्तीय व्यवस्थाको लेखाजोखा तथा विश्लेषण गर्ने ।

२. स्वास्थ्य बिमा कार्यक्रमका लागि उपलब्ध गराइएको लाभ रकमको सीमा बढाउन र विस्तार गर्नका लागि बैकल्पिक वित्तीय व्यवस्थाको खोजी गर्ने ।

३. ज्येष्ठ नागरिकका लागि विस्तारित सामाजिक स्वास्थ्य बिमा कार्यक्रमका लागि योगदानमा आधारित बनाउन वा निःशुल्क सेवा प्रदान गर्ने तरिका अवलम्बन गर्न सरकारी तथा सार्वजनिक योगदानका विभिन्न उपायसहितको वैकल्पिक वित्तीय व्यवस्थाको खोजी गर्ने ।

४. सत्तरी वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई बिमा कार्यक्रममार्फत निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**२.६.२० स्वस्थ बुढेस्कालका लागि बहुक्षेत्रीय जिम्मेवारी वहन गर्ने तथा सबै क्षेत्र एवम् सरकारका सबै तहको सुदृढ एवम् विस्तारित रूपमा सहभागिता गराउन सबल वातावरण निर्माण गरिने छ । (रणनीति ७)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक स्वास्थ्यलाई स्वास्थ्य प्रणालीमा मूलप्रवाहीकरण गर्नका लागि आवश्यक तौरतरिका र उपाय अवलम्बन गर्ने ।

२. स्वास्थ्य सेवाका योजना, कार्यक्रम निर्माण तथा बजेट तर्जुमाका सबै तहमा ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य उपचारसँग सम्बन्धित सरोकारका विषयको सम्बोधन गर्ने ।

३. ज्येष्ठ नागरिक तथा उनीहरूको प्रतिनिधिमूलक सङ्घसंस्थालाई जेरियाट्रिक विषयसँग सम्बन्धित स्वास्थ्य नीति तथा कानुनको निर्माण तथा मापदण्ड निर्धारण गर्दा, अनुगमन पद्धति एवम् स्वास्थ्य प्रणालीमा सुधारका प्रक्रियामा सहभागी गराउने गरी प्रक्रिया र अभ्यासमा सुधार गर्ने ।

४. स्नातक तथा स्नातकोत्तर तहका चिकित्सा विज्ञानको पाठ्यक्रममा स्वस्थ बुढेस्कालको प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने ।

**२.६.२१ प्रदेश तथा स्थानीय तहमा जेरियाट्रिक स्वास्थ्य सेवालाई मूलप्रवाहीकरण गर्न तथा संस्थागत गर्न समन्वय र सामञ्जस्य सुदृढ तुल्याइने छ । (रणनीति ७)**

**कार्यक्रम र क्रियाकलाप**

१. जेरियाट्रिक स्वास्थ्य सेवाका लागि आवश्यक समन्वय र सामञ्जस्य कायम गर्न सङ्घीय, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य पदाधिकारीहरूको सहभागितामा आवधिक रूपमा संयुक्त योजना बैठकको आयोजना गर्ने ।

२. प्रदेश तथा स्थानीय स्वास्थ्य प्रणालीअन्तर्गत जेरियाट्रिक स्वास्थ्य सेवा सुदृढ गर्नका लागि योजना निर्माण तथा कार्यान्वयन गर्न मन्त्रालयका तर्फबाट प्राविधिक सहयोग उपलब्ध गराउने ।

३. ज्येष्ठ नागरिकको स्वास्थ्यसँग सम्बन्धित ज्ञान, प्रचलन तथा अभ्यासको आदान-प्रदान गर्न प्रदेश तथा स्थानीय तहका साथै अन्तरक्षेत्रगत तहमा नियमित रूपमा परामर्श तथा समीक्षा बैठक सञ्चालन गर्ने ।

४. स्थानीय तहको स्वास्थ्य व्यवस्थापनमा जेरियाट्रिक स्वास्थ्य सेवालाई संस्थागत गर्न तथा क्षमता अभिवृद्धिका लागि आवश्यक प्राविधिक तथा स्वास्थ्य व्यवस्थापन सहयोग उपलब्ध गराउने ।

**२.६.२२ जेरियाट्रिक स्वास्थ्य सेवा व्यवस्थापनलाई सहभागितामूलक तुल्याउन बहुपक्षीय सहकार्य र साझेदारी प्रवर्द्धन गरिने छ । (रणनीति ८)**

**कार्यक्रम र क्रियाकलाप**

१. सङ्घीय, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सामञ्जस्य कायम गरी ज्येष्ठ नागरिकलाई एकीकृत रूपमा स्वास्थ्य सेवा प्रदान गर्न संयन्त्र निर्माण गर्ने ।

२. जेरियाट्रिक स्वास्थ्यका क्षेत्रमा सहकार्य र साझेदारी प्रवर्द्धन गर्न बहुपक्षीय सहकार्य र साझेदारीको कार्यविधि बनाउने ।

३. जेरियाट्रिक स्वास्थ्य सेवाको क्षेत्रका कार्यरत सङ्घसंस्थाको सूची अभिलेखीकृत गर्ने र समन्वयात्मक रूपमा उपयोग गर्ने ।

**२.६.२३ ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य बिमा कार्यक्रमको विस्तारका लागि सहकार्य र साझेदारी प्रवर्द्धन गरिने छ । (रणनीति ८)**

**कार्यक्रम र क्रियाकलाप**

१. सामाजिक स्वास्थ्य बिमासम्बन्धी वर्तमान क्षमता सुदृढ गर्न प्रदेश एवम् स्थानीय तहका साथै निजीक्षेत्रसँग सहकार्य गर्ने ।

२. सबै स्थानीय तहमा ज्येष्ठ नागरिक र तिनका परिवार सङ्ख्याको कम्तीमा पचास प्रतिशतलाई स्वास्थ्य बिमा प्रणालीमा समेट्नका लागि प्रोत्साहित गर्ने ।

४. ज्येष्ठ नागरिकका लागि समता र समावेशिता सुनिश्चित हुने गरी सुधार गर्न र विस्तार गर्न बहुपक्षीय सहकार्यमा आधारित स्वास्थ्य बिमाको नवीन दृष्टिकोण र तरिकाको खोजी गर्ने ।

५. ज्येष्ठ नागरिक तथा उनीहरूका परिवारको सामाजिक बिमा योजनामा सहभागिता बढाउन स्थानीय तह, स्वास्थ्य संस्था, निजीक्षेत्र तथा सामुदायिक सङ्गठनहरूसँग सहकार्य र साझेदारी विस्तार गर्ने ।

# ३. रणनीतिको कार्यान्वयन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रणनीतिको कार्यान्वयनका लागि सवल वातावरण निर्माण गर्न प्रयास गर्ने छ । यसमा जेरियाट्रिक स्वास्थ्यको विषयलाई स्वास्थ्य सेवाप्रवाह प्रणालीमा मूलप्रवाहीकरण,

संस्थागत क्षमता विकास, समन्वय र सामञ्जस्यमा सुधार, कार्यक्रम र बजेटको व्यवस्था, स्वास्थ्यकर्मीको क्षमता विकास, नतिजामा आधारित अनुगमन पद्धतिमा सुधार एवम् जवाफदेहिताका संयन्त्र मुख्य रूपमा रहने छन् ।

समावेशी स्वास्थ्य सेवा तथा सर्वव्यापी स्वास्थ्य पहुँचको प्रभावकारी कार्यान्वयन लागि अभिन्न पक्षका रूपमा रहेको यस रणनीति कार्यान्वयनमा ल्याउनुको मुख्य उद्देश्य नै स्वास्थ्य क्षेत्रमा जेरियाट्रिक स्वास्थ्य सेवाले प्राथमिकता पाउने तथा स्वास्थ्य क्षेत्रको कार्यक्रम तथा बजेट विनियोजनका लागि वस्तुगत आधार निर्माण गर्ने रहेको छ ।

यो रणनीति निजीक्षेत्रका स्वास्थ्य संस्थाका हकमा समेत लागू गरिने छ ।

## समन्वय र निर्देशनको संयन्त्र

रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका समन्वय तथा निर्देशनका संयन्त्र रहनेछन्ः

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संघ तहमा गठन गरेको अन्तर-मन्त्रालय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति यस रणनीतिको कार्यान्वयनको सुपरीवेक्षणका लागि जिम्मेवार हुनेछ । यसले रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि जेरियाट्रिक स्वास्थ्यसम्वद्ध विभिन्न क्षेत्रका साथै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सामञ्जस्य कायम गर्न नेतृत्व गर्नेछ ।

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्न सहजीकरण गर्ने छ । यी समितिहरूले आ-आफ्नो तहमा जेरियाट्रिक स्वास्थ्यलाई समन्वय र एकीकरण गर्नका लागि सहजीकरण गर्ने छन् ।

३. सङ्घीय मन्त्रालय तथा प्रदेश मन्त्रालयका सम्पर्कविन्दुलाई आ-आफ्नो तहमा समन्वय र सहजीकरणका लागि सहयोग पुऱ्याउने गरी जिम्मेवारी प्रदान गरिने छ ।

४. विभिन्न अस्पतालमा कार्यरत सामाजिक सेवा एकाइलाई जेरियाट्रिक स्वास्थ्य सेवाका लागि अस्पतालका तर्फबाट सम्पर्क एकाइका रूपमा जिम्मेवार बनाइने छ ।

५. ज्येष्ठ नागिरक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, तथा मिलन केन्द्रलाई समेत जेरियाट्रिक स्वास्थ्य सेवाका दृष्टिले सुदृढ गरी स्वास्थ्य सेवा प्रदान गर्ने एकाइका रूपमा प्राथमिकता दिई स्थानीय तहले सञ्चालन गर्न समन्वय गरिने छ ।

६. औपचारिक रूपमा सञ्चालनमा रहेका बृद्धाश्रम, ज्येष्ठ नागरिक आश्रय केन्द्रहरूलाई समेत विशिष्ठ चिकित्सा सेवा उपलब्ध गराउने उपयुक्त प्रेषण संयन्त्रका रूपमा आवद्ध गराइने छ ।

**प्रोटोकल तथा मापदण्ड निर्माण**

रणनीतिको व्यवस्थित, नियमित, स्तरीय तथा प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गुणस्तरीय जेरियाट्रिक स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने क्लिनिकल प्रोटोकल बनाइ लागू गर्ने छ । साथै मन्त्रालयले हाल कार्यान्वयनमा रहेको स्वास्थ्य क्षेत्रको न्यूनतम सेवा मापदण्डमा जेरियाट्रिक स्वास्थ्यलाई समेट्ने छ ।

**क्षमता विकास र प्राविधिक सहयोग**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेश तथा स्थानीय तहका स्वास्थ्य निकायहरूलाई आ-आफ्नो तहमा जेरियाट्रिक स्वास्थ्यलाई संस्थागत गर्न आवश्यक पर्ने प्राविधिक तथा लजिष्टिक सहयोग उपलब्ध गराउने छ । मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा जेरियाट्रिक स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीको प्राविधिक तथा पेशागत क्षमताको विकास गर्ने छ ।

**रणनीतिको चरणवद्ध कार्यान्वयन**

यस रणनीतिको कार्यान्वयनका लागि वि.सं.२०७८/७९ देखि २०८६/८७ (इ.सं. २०२१/२२ देखि २०२९/३०) सम्मको अवधि रहने गरी चरणवद्ध रूपमा कार्यान्वयन गरिने छ । यस दृष्टिकोणले अनुभवजन्य सिकाइ, तादात्म्यता, एकीकरण तथा निरन्तर सुधारका आधारमा जेरियाट्रिक स्वास्थ्य सेवाको संस्थापनातथा सुदृढीकरण गर्ने कुराको सम्बोधन गर्ने छ । चरणवद्ध रूपमा  कार्यान्वयनका समस्या एवम् समाधान तथा जोखिम न्यूनीकरणका उपायका आधारमा सिक्ने तथा यस्ता सिकाइलाई कार्यस्तरमा उतार्न तथा समानुकूलन गर्न मदत गर्ने छ ।

कार्यान्वयनको चरण देहायबमोजिम हुनेछन्ः

पहिलो चरणः ५ वर्ष (वि.स.२०७८/७९ देखि २०८२/८३ सम्मअर्थात सन् २०२१/२२ देखि २०२५/२६ सम्म)जेरियाट्रिक स्वास्थ्य सेवाका लागि आधार निर्माण गर्ने; (यस चरणमा समीक्षा र लेखाजोखा गर्ने, मापदण्ड बनाउने, जनशक्तिको क्षमता विकास गर्ने, हाल कार्यान्वयनमा रहेका प्रणाली र कार्यविधिगत उपायको अधिकतम एवम् सुदृढ उपयोग गर्ने तथा संस्थागत क्षमता सुदृढ गर्ने पक्ष समावेश गरिएका छन् ।

दोस्रो चरणः ४ वर्ष (वि.स.२०८३/८४ देखि २०८६/८७ सम्म अर्थात सन् २०२६/२७ देखि २०२९/३० सम्म); (जेरियाट्रिक स्वास्थ्य सेवाको सुदृढीकरण तथा बढोत्तरी (यस चरणमा संस्थागत क्षमता सुदृढीकरणलाई निरन्तरता दिने, पूर्वाधार विकास तथा तादात्म्यता कायम गर्ने, प्रविधिगत अभिवृद्धि, स्वास्थ्य उपचार सेवाका प्रणालीको विस्तार गर्ने, जनशक्तिको निरन्तर विकास गर्ने तथा अधिकारमा आधारित स्वास्थ्य सेवाका लागि जवाफदेहिता प्रणाली थप सवल तुल्याउने कार्य समावेश हुने छन् ।

**निःशुल्क स्वास्थ्य सेवाका लागि ज्येष्ठ नागरिकको वर्गीकरण**

यस रणनीतिको प्रयोजनका लागि ज्येष्ठ नागरिकलाई देहायका आधारमा वर्गीकरण गरिएको छः

१. **उमेरमा आधारित वर्गीकरणः** सत्तरी वर्ष र सो भन्दामाथिको उमेर भएका सबै ज्येष्ठ नागरिक सरकारी/सार्वजनिक स्वास्थ्य संस्थाबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य उपचार सेवा तथा पूर्णरूपमा खर्च वहन गर्ने गरी व्यवस्था गरिएको सामाजिक स्वास्थ्य बिमाको उपयोग गर्न ग्राह्य हुनेछन् ।यस वर्गका ज्येष्ठ नागरिकका लागि बिमित रकमभन्दा बढीको सरकारी अस्पतालमा उपचार गराउँदाको खर्च नेपाल सरकारले बेहोर्ने गरी व्यवस्था गरिने छ ।

२. **शारीरिक अवस्था विशेषमा आधारित वर्गीकरणः** पैंसट्ठी वर्ष र सोभन्दा माथिको उमेर भएका शारीरिक रूपमा गम्भीर प्रकृतिको अपाङ्गता भएका (अपाङ्गता परिचयपत्रका आधारमा ५० प्रतिशत र सोभन्दा माथि), मानसिक रूपमा अस्वस्थ भएका सबै ज्येष्ठ नागरिक सरकारी/सार्वजनिक स्वास्थ्य संस्थाबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्यउपचार सेवा तथा पूर्णरूपमा खर्च वहन गर्ने गरी व्यवस्था गरिएको सामाजिक स्वास्थ्य बिमाको उपयोग गर्न ग्राह्य हुने छन् ।

३. **लैङ्गिक तथा अन्तरसमूहगत स्थितिमा आधारित वर्गीकरणः**

(क) साठी वर्ष र सोभन्दामाथिको उमेर भएका एकल महिला सरकारी/सार्वजनिक स्वास्थ्य संस्थाबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य उपचार सेवा तथा पूर्णरूपमा खर्च वहन गर्ने गरी व्यवस्था गरिएको सामाजिक स्वास्थ्य बिमाको उपयोग गर्न ग्राह्य हुने छन् ।

(ख) साठी वर्ष र सोभन्दा माथिको उमेर भएका विपन्न, असहाय, सीमान्तीकृत तथा वञ्चितिमा परेका ज्येष्ठ नागरिक सरकारी/सार्वजनिक स्वास्थ्य संस्थाबाट उपलब्ध हुने निःशुल्क स्वास्थ्य उपचार सेवा तथा पूर्णरूपमा खर्च वहन गर्ने गरी व्यवस्था गरिएको सामाजिक स्वास्थ्य बिमाको उपयोग गर्न ग्राह्य हुने छन् ।

## ४. रणनीति कार्यान्वयन योजना

रणनीतिको योजनावद्ध, व्यवस्थित, जवाफदेहीयुक्त तथा उद्देश्यपरक रूपमा कार्यान्वयन गर्नका लागि रणनीति कार्यान्वयन योजनाले रणनीतिका लक्ष्य र उद्देश्यहरूलाई नतिजामा रुपान्तरण गरी सफलतातिर उन्मुख तुल्याउन प्राथमिकताका कार्यक्रम र क्रियाकलापको रूपरेखा स्पष्ट पार्दछ ।

*रणनीति कार्यान्वयन योजना अनुसूची-१ मा दिइएको छ ।*

## ५. अनुगमन र मूल्याङ्कन

क. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा सङ्घीय तहमा रणनीतिको कार्यान्वयन प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गरिने छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय वा प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा रणनीतिको कार्यान्वयन प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गरिने छ । स्थानीय कार्यकारिणी निकायद्वारा स्थानीय तहमा रणनीतिको कार्यान्वयन प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गरिने छ । रणनीति कार्यान्वयनको योजनावद्ध तथा वस्तुपरक रूपमा अनुगमन र मूल्याङ्कन कार्य गर्नका लागि उपलब्धि (output), नतिजा (outcome) र प्रभाव (impact) स्पष्ट हुने गरी नतिजा अनुगमन सूचकसहितको अनुगमन र मूल्याङ्कन पद्धति निर्माण गरी लागू गरिने छ ।

ख. तथ्य प्रमाणमा आधारित अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्नका लागि जेरियाट्रिक स्वास्थ्य स्थितिको सूचनागत नक्साङ्कन एवम् एकीकृत सूचना व्यवस्थापन गरिने छ । यस प्रयोजनका लागि एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त हुने लैङ्गिक तथा अन्तरसमूहगत आधारमा संरचित तथ्याङ्क प्रणालीको उपयोग गरिने छ ।

ग. सबै तहमा जेरियाट्रिक स्वास्थ्यसमेतका लागि तथ्यमा आधारित तथा अद्यावधिक रूपमा सूचना र जानकारी प्राप्त हुने गरी प्रलेख स्रोत तथा सूचना क्षमताको विकास एवम् संस्थागत गरिने छ ।

घ. रणनीति कार्यान्वयनको कार्यसम्पादन प्रगतिको समीक्षा र अनुगमन नियमित रूपमा गरिने स्वास्थ्य क्षेत्रको आवधिक तथा वार्षिक प्रगति समीक्षा एवम् सङ्घ तथा प्रदेशमा आयोजना गरिने विकास समस्या समाधान समितिको बैठकसँगै एकीकृत रूपमा गरिने छ ।

ङ. "अनुसूची-१" मा दिइएको कार्यान्वयन योजना र "अनुसूची-२" मा दिइएको नतिजा अनुगमन कार्यढाँचामा दिइएका कार्यसम्पादन नतिजा सूचकमा आधारित रही उल्लिखित कार्यक्रम र क्रियाकलापमा आधारित रही कार्यक्रमगत तहमा समेत कार्यसम्पादन सूचकसहितको नतिजामूलक कार्यढाँचा निर्माण गरिने छन् ।

च. राष्ट्रिय रूपमा रणनीति कार्यान्वयन स्थितिको एकीकृत प्रतिवेदन तयार गर्न मार्ग प्रशस्त गर्नका लागि प्रदेश तहको स्वास्थ्य निर्देशनालयले प्रादेशिक स्वास्थ्य कार्यक्षेत्रभित्र पर्ने स्थानीय तहको एकीकृत प्रतिवेदन तयार गरी सङ्घ तहमा समेत उपलब्ध गराउने छ ।

छ. पहिलो चरणको रणनीति कार्यान्वयनको समाप्तीपश्चात् स्वतन्त्र मूल्याङ्कन गरिने छ र यसबाट प्राप्त हुने परिणाममा आधारित सिकाइलाई दोस्रो चरणको रणनीति कार्यान्वयनलाई समृद्ध तुल्याउन तथा सुधार गर्न उपयोग गरिने छ ।

ज. रणनीति कार्यान्वयनको प्रत्येक चरणको समाप्तीपश्चात् जेरियाट्रिक स्वास्थ्यको कार्यसम्पादन र परिपालना परीक्षण हुने गरी सामाजिक जवाफदेहिताको जाँच गर्नका लागि सामाजिक परीक्षण गर्ने योजना बनाइने छ ।

## ६. स्वस्थ बुढेस्काललाई समृद्ध तुल्याउन कार्यमूलक अनुसन्धान

जेरियाट्रिक स्वास्थ्य सेवाको गुणस्तर तथा प्रभावकारितामा निरन्तर सुधार पुऱ्याउने हेतु देहायका विषयहरू समावेश गरी कार्यमूलक अनुसन्धान गरिने छः

क. जेरियाट्रिक स्वास्थ्य उपचार सम्बन्धमा नीति तथा कानुनी पहल, कार्यक्रम तथा सेवाको प्रभावकारिताको लेखाजोखा तथा विश्लेषण,

ख. ज्येष्ठ नागरिकबीचको लैङ्गिक तथा सामाजिक समावेशीकरणका दृष्टिले स्वास्थ्य असमानतालाई कम गर्न गरिएका पहलको मूल्याङ्कन र समीक्षा,

ग. जेरियाट्रिक स्वास्थ्यको क्षेत्रका संस्थागत सुदृढीकरण, प्रविधिगत आधुनिकीकरण तथा प्रणालीगत सुधारसँग सम्बन्धित सिकाइको उपयोग एवम् सम्बर्द्धनात्मक निरन्तरता र दिगोपना ।

## ७. नतिजा अनुगमन कार्यढाँचा

रणनीतिका प्राथमिकताका पहल एवम् प्रमुख नतिजाका क्षेत्रका उपलब्धि तथा नतिजाको मापन गर्नका लागि नतिजा अनुगमन कार्यढाँचाको प्रयोग गरिने छ । यसले कार्यसम्पादन सूचक, चरण विशेषका

कार्यलक्ष्य तथा परीक्षणका माध्यम निर्दिष्ट गरी नतिजामा आधारित कार्यान्वयन जवाफदेहिता सुनिश्चित गर्दछ । रणनीतिको नतिजा अनुगमन कार्यढाँचा अनुसूची-२मा दिइएको छ ।

## ८. प्रदेश तथा स्थानीय सरकारका रणनीति तथा कार्यका लागि मार्गदर्शन

नेपाल सरकारले संविधानमा व्यवस्था भएको तहगत कार्यक्षेत्राधिकारका आधारमा नेपाल सरकारले गरेको स्वास्थ्य क्षेत्रको कार्यविस्तृतीकरणमा उल्लिखित जिम्मेवारी र अधिकारबमोजिम प्रदेश तथा स्थानीय तहले आ-आफ्नो भूमिका, जिम्मेवारी र कार्यक्षेत्रको समानुकूलन गर्नसक्ने प्रावधान रहेको हुँदा यो रणनीति सम्बन्धित तहको जेरियाट्रिक स्वास्थ्य सेवाका लागि मार्गदर्शक दस्तावेजका रूपमा प्रयोग हुने छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा रणनीतिक समानुकूलनका लागि प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने छ ।

## ९. समीक्षा तथा परिमार्जन

यो रणनीति एक गतिशील दस्तावेजका रूपमा रहनेछ । पहिलो चरणको रणनीति कार्यान्वयनको पाँच वर्षको समयावधिको समाप्तीपश्चात् कार्यान्वयनमा देखिएका मुख्य-मुख्य भिन्नता पहिचान गर्नका लागि मन्त्रालयले कार्यसम्पादन तथा नतिजाको समीक्षा गर्ने छ । सुधारका लागि प्राथमिकताको पहिचानका आधारमा मन्त्रालयले रणनीतिमा आवश्यक परिमार्जन गर्ने छ ।

मन्त्रालयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशन समितिको सिफारिसमा समयमा नै रणनीतिमा परिमार्जनको कार्य गर्ने छ । यसप्रकारको परिमार्जन सङ्घ, प्रदेश तथा स्थानीय तहमा भए-गरेका रणनीतिको कार्यान्वयनका अनुभव र अनुभूति एवम् सम्बन्धित क्षेत्रका विज्ञहरू तथा सरोकारवालाबाट प्राप्त पृष्ठपोषणमा आधारित रही गरिने छ।

# अनुसूचीहरू

## अनुसूची-१: रणनीति कार्यान्वयन योजना*

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/८४ देखि २०८६/८७ सम्म | |
| *उद्देश्य १. ज्येष्ठ नागरिकलाई जीवनपर्यन्त स्वास्थ्य प्रवर्द्धन र संरक्षणका सेवा उपलब्ध गराउनु ।* | | | |
| **रणनीति १.१ स्वस्थ जीवन जीउनका लागि ज्येष्ठ नागरिकलाई उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धनात्मक कार्य गर्न परिवार तथा समुदाय तहमा सचेतना र जागरण अभिवृद्धि गर्ने ।** | | | |
| **कार्यनीति १.१.१ ज्येष्ठ नागरिक तथा उनीहरूको परिवारको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न सूचना, शिक्षा तथा सञ्चार कार्यनीतिको निर्माण तथा कार्यान्वयन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकारसम्बन्धी विषयमा जनमानसमा सचेतना र जागरण पैदा गर्ने । | √ | √ | ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकार र सेवाका सम्बन्धमा जागरण वृद्धि हुने |
| बुढेस्कालका बारेमा रहिआएका नकारात्मक पक्ष र सोबाट स्वास्थ्यमा पर्ने असरलाई सम्बोधन गर्न अभियानमूलक उपाय अवलम्बन गर्ने । | √ | √ | बुढेस्कालका बारेमा सकारात्मक सोचको विकास हुने |
| ज्येष्ठ नागरिकको हेरचाहकर्ताका लागि तालिम सञ्चालन गर्ने । | √ | √ | हेरचाहकर्ता प्रशिक्षित हुने |
| **कार्यनीति १.१.२ अपाङ्गता भएका र गम्भीर रूपमाबिरामीको अवस्थामा रहेका ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी विशेष आवश्यकताका बारेमा प्राथमिकतहका स्वास्थ्यकर्मीहरूलाई प्राथमिक उपचारमा दक्ष बनाउने ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| बुढ्यौलीसम्बन्धी स्वास्थ्यको लेखाजोखा एवम् प्रवर्द्धनको कार्यविधि पुस्तिका निर्माण गर्ने । | √ | | कार्यविधि पुस्तिका तयार भई उपयोग हुने |
| जेरियाट्रिक स्वास्थ्य उपचारका विषयमा अभिमुखीकरण गर्ने । | √ | √ | स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सीपमा अभिवृद्धि |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| | | | हुने |
| ज्येष्ठ नागरिकको स्वास्थ्यसम्बन्धी आवश्यकताको लेखाजोखा गर्ने सीप र दक्षताको विकास गर्ने । | √ | √ | प्राथमिक तहका स्वास्थ्यकर्मीको सीप अभिवृद्धि हुने |
| ज्येष्ठ नागरिकको हाइपर्टेन्सन, मधुमेह तथा सर्वाइकल क्यान्सर जस्ता रोगको परीक्षण र पहिचान गर्न प्राथमिक तहका स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्ने । | √ | √ | प्राथमिक तहका स्वास्थ्यकर्मीको सीप अभिवृद्धि हुने |
| **रणनीति १.२ ज्येष्ठ नागरिकका लागि स्वास्थ्य संरक्षणका उपायहरूमा सुदृढीकरण गर्नुका साथै सेवा विस्तार गर्ने।** | | | |
| **कार्यनीति १.२.१ ज्येष्ठ नागरिकको स्वास्थ्य स्थिति तथा उनीहरूका पूरा हुन नसकेका स्वास्थ्य आवश्यकताको पहिचान हुने गरी विद्यमान सूचना व्यवस्थापन प्रणाली सुदृढ गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| ज्येष्ठ नागरिकका स्वास्थ्यस्थिति पहिचान गरी कम खर्चमा गर्न सकिने हेरचाह सेवाको उपायसम्बन्धी विषयको लेखाजोखा गर्ने । | √ | | लेखाजोखा गरिएको हुने |
| गुणस्तरीय स्वास्थ्य उपचार सेवामा ज्येष्ठ नागरिकको पहुँचमा रहेका कमी तथा अन्तरको मापन गर्ने । | √ | | दायरा र पहुँचको अन्तर मापन भएको हुने |
| स्वास्थ्य सेवा कम पुगेका क्षेत्रका ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखी सेवा विस्तार गर्ने । | √ | √ | स्वास्थ्य समता र वहनक्षमता बढ्ने |
| **कार्यनीति १.२.२ ज्येष्ठ नागरिकका लागि खोप सेवा विस्तार गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| स्वास्थ्य संस्थाबाट ज्येष्ठ नागरिकको खोप आवश्यकताको समयमै पहिचान गर्नसक्ने गरी क्षमता सुदृढ गर्ने । | √ | | खोप आवश्यकताको पहिचान हुने |
| ज्येष्ठ नागरिकका लागि इन्फ्लुएन्जा, Pneumococcal, Shingles/Zoster तथा | √ | √ | ज्येष्ठ नागरिकलाई खोप लगाइने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| Tetanus विरुद्ध खोप सेवा उपलब्ध गराउने । | | | |
| **रणनीति १.३ गुणस्तरीय स्वास्थ्य सेवा तथा सहायक सामग्रीमा ज्येष्ठ नागरिकको पहुँच र उपयोग बढाउने तथा उपचार खर्च वहन गर्न सक्ने क्षमता वृद्धि गर्ने ।** | | | |
| **कार्यनीति १.३.१. गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राप्त गर्नका लागि ज्येष्ठ नागरिकको उपचार खर्च वहन गर्न सक्ने क्षमतामा वृद्धि गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| बुढेस्कालका व्यक्तिको उपचारका लागि एलोपेथिक उपचार पद्धति तथा परम्परागत चिकित्सा पद्धतिबीच सामञ्जस्य र एकीकरण सुदृढ गर्ने । | | √ | एकीकृत रूपमा उपचार सेवा ज्येष्ठ नागरिकका लागि प्राप्त हुने |
| चालीस वर्षभन्दा बढी उमेर समूहकालागि प्रतिरोधात्मक परीक्षण सेवाको प्रणाली स्थापना तथा विस्तार गर्ने । | | √ | आवधिक रूपमा समुदायमा परीक्षण हुने |
| अल्जाइमर तथा जेरियाट्रिकसम्बन्धी पार्किन्सन्स, दमरोग, मुटुरोग, मिर्गौलारोग, क्यान्सर जस्ता रोगबाट ग्रसित ज्येष्ठ नागरिकका लागि निःशुल्क चिकित्सा सेवा उपलब्ध गराउने । | √ | √ | निःशुल्क रूपमा चिकित्सीय उपचार सेवा ज्येष्ठ नागरिकलाई प्राप्त हुने |
| **कार्यनीति १.३.२ ज्येष्ठ नागरिकको स्वस्थ्य र सम्मानित बुढेस्कालका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| ज्येष्ठ नागरिकको सामाजिक रूपमा खण्डीकृत तथ्याङ्कसङ्कलन र विश्लेषण गर्ने । | √ | | सामाजिक रूपमा खण्डीकृत तथ्याङ्कको व्यवस्था हुने |
| एल्.एन्.ओ.बी. बजेट मार्करका आधारमा ज्येष्ठ नागरिकका लागि प्रतिरोधात्मक तथा उपचारात्मक स्वास्थ्य कार्यक्रम तर्जुमा गर्ने । | √ | | ज्येष्ठ नागरिकको स्वास्थ्य बजेटमा एल्.एन्.ओ.बी. बजेट मार्करको उपयोग हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| महिला ज्येष्ठ नागरिकको यौनिक तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्ने गरी समावेशी स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्ने । | | √ | समावेशी स्वास्थ्यका कार्यक्रम सञ्चालन हुने । |
| यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न उनीहरूको स्वास्थ्य आवश्यकताको पहिचान गरी लैङ्गिक समानता र समावेशिताका दृष्टिले उपयुक्त स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने । | | √ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका ज्येष्ठ नागरिकका लागि समावेशी स्वास्थ्य कार्यक्रम सञ्चालन हुने |
| **कार्यनीति १.३.३ आवश्यकता र औचित्यका आधारमा ज्येष्ठ नागरिकलाई औषधी उपलब्ध गराउने तथा उनीहरूको स्वास्थ्य जोखिमको निराकरण गर्न तथा प्रतिकार्य सेवा प्रदान गर्न प्रभावकारी तथा दक्ष प्रणालीको स्थापना गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| बहुऔषधीय उपभोगसँग सम्बन्धित ज्येष्ठ नागरिकका सम्भाव्य स्वास्थ्य जोखिमको लेखाजोखा गर्ने । | √ | | स्वास्थ्यका सम्भाव्य जोखिमको लेखाजोखा भएको हुने |
| ज्येष्ठ नागरिकका लागि निःशुल्क रूपमा औषधी उपलब्ध गराउने । | √ | √ | औषधीय सेवा प्राप्त हुने |
| उच्च रक्तचाप, मधुमेह, मुटरोग, मिर्गौलारोग, क्यान्सर को उपचारका लागि ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार सेवा प्रदान गर्ने । | √ | √ | गम्भीर तथा जटील रोगको निःशुल्क उपचार हुने |
| शारीरिक तथा मानसिक रूपमा अशक्त, असहाय तथा संरक्षण विमुख ज्येष्ठ नागरिकका लागि निःशुल्क रूपमा स्वास्थ्य उपचार तथा स्वास्थ्य संरक्षणको सेवा | √ | √ | निःशुल्क रूपमा स्वास्थ्य उपचार तथा संरक्षण सेवा उपलब्ध हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| *उद्देश्य २. ज्येष्ठ नागरिकका लागि प्रभावकारी, समावेशी तथा जवाफदेही स्वास्थ्य सेवाप्रवाह प्रणाली सुदृढ बनाउनु ।* | | | |
| **रणनीति २.१ज्येष्ठ नागरिकका स्वास्थ्य आवश्यकतालाई यथोचित रूपमा सम्बोधन गर्नका लागि ज्येष्ठ नागिरकमैत्री स्वास्थ्य प्रणालीको विकास तथा अनुकूलन गर्ने ।** | | | |
| **कार्यनीति २.१.१ जेरियाट्रिक स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउनका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणाली तथा लगानीको कार्यढाँचाको विकास गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक स्वास्थ्य उपचारका कार्यक्रममा ज्येष्ठ नागरिकको सन्दर्भलाई आत्मसात् गर्ने गरी लगानी गर्नका लागि समर्पित लगानीको कार्यढाँचासहितको बजेटका प्राथमिकता निर्धारण गर्ने । | √ | | ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार सेवामा लगानीका लागि प्राथमिकतासहितको कार्यढाँचा निर्माण हुने |
| सङ्घीय योजना तथा बजेटमा जेरियाट्रिक स्वास्थ्यको मुद्दालाई एकीकृत गर्नका लागि पेशागत सङ्घसंस्था, नागरिक समाजका सङ्गठन तथा निजीक्षेत्रका सङ्घसंस्थासँग सहकार्य गर्ने । | √ | √ | बहुपक्षीय सहकार्य प्रवर्द्धन हुने |
| जेरियाट्रिक स्वास्थ्य सेवाका लागि पर्याप्त वित्तीय स्रोत परिचालन गर्न गराउन अधिकार सम्पन्न निकायहरूमा अधिवाचन गर्ने र सचेतना जगाउने । | √ | √ | जेरियाट्रिक स्वास्थ्य सेवाका लागि लगानी बढाउने विषयमा सचेतना अभिवृद्धि हुने |
| जेरियाट्रिक स्वास्थ्य प्रणालीका लागि कार्यक्रम बजेट र वित्तीय लगानीका दृष्टिले तथ्यपरक र वस्तुगत तुल्याउन स्वास्थ्य उपचार सेवाका आधारभूत नर्मस्सहित क्रियाकलापमा आधारित लागत कार्यढाँचा(costing framework) निर्माण गर्ने । | √ | | जेरियाट्रिक स्वास्थ्य प्रणालीका लागि वस्तुगत आधारमा लागत कार्यढाँचाको उपयोग हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| **कार्यनीति २.१.२ ज्येष्ठ नागरिकका लागि समुदायमा आधारित उपचार सेवालगायत सबै तहका स्वास्थ्य प्रणालीका स्वास्थ्य उपचार सेवा सुविधालाई सुदृढ गर्नुका साथै जेरियाट्रिक स्वास्थ्यका दृष्टिले तादात्म्य (compatible) तुल्याइने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| शारीरिक तथा मानसिक रूपमा अस्वस्थता भएका ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारलाई व्यवस्थित, स्तरीय तथा नियमित बनाउन सोसम्बन्धी न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल प्रोटोकल निर्माण गर्ने । | √ | | सोसम्बन्धी न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल प्रोटोकल निर्माणहुने । |
| न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल प्रोटोकल लागू गर्ने । | | √ | न्यूनतम मापदण्ड र क्लिनिकल प्रोटोकल कार्यान्वयनमा आउने |
| प्रत्येक प्रदेशमा कम्तीमा एक अस्पतालमा जेरियाट्रिक विशिष्टतासहित सुविधा सम्पन्न तथा साधनस्रोतसहितको विभागको स्थापना तथा सञ्चालन गर्ने । | √ | √ | जेरियाट्रिक विभाग संस्थागत हुने र सञ्चालन हुने । |
| पचास सैयाभन्दा बढीको क्षमता भएका स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि अस्पतालमा ओ.पी.डी. सेवासहित विशेष उपचार कक्षको निर्माण गरी सञ्चालन गर्ने । | √ | √ | अस्पतालमा ओ.पी.डी. र विशेष उपचार सेवाका लागि ओपीडी निर्माण भइ सञ्चालन हुने । |
| एकसय सैयाभन्दा बढीको क्षमता भएका स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि छुट्टै वार्डको स्थापना गरी सञ्चालन गर्ने । | √ | √ | जेरियाट्रिक वार्डको स्थापना र सञ्चालन हुने |
| ज्येष्ठ नागरिकको स्वास्थ्य आवश्यकताको परिपूर्ति हुने गरी स्वास्थ्य उपचारसम्बन्धी प्रविधि र सेवा पूर्वाधारलाई सुधार्ने र क्यालिब्रेट गर्ने । | | √ | जेरियाट्रिक मापदण्डबमोजिम क्यालिब्रेशन गरिने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| ज्येष्ठ नागरिकको स्वास्थ्य आवश्यकताको सम्बोधन हुने गरी उपयुक्त प्रेषण संयन्त्र (referral mechanism) को विकास गर्ने । | | √ | प्रेषण प्रणाली कार्यान्वयनमा आउने |
| सामाजिक सेवा एकाइको क्षमता सुदृढ तुल्याउने र विस्तार गर्ने । | √ | √ | सामाजिक सेवा एकाइको संस्थागत क्षमता सुदृढ हुने |
| **कार्यनीति २.१.३ ज्येष्ठ नागरिकका लागि दीर्घकालीन स्वास्थ्य उपचार (Long-term care) सेवा उपलब्ध गराउन दिगो तथा समतायुक्त प्रणालीको विकास गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| दीर्घकालीक स्वास्थ्य उपचार सेवा सुधार गर्न निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने । | √ | | दीर्घकालीक उपचारका लागि निर्देशिका कार्यान्वयनमा आउने |
| ज्येष्ठ नागरिकका लागि दीर्घकालीक स्वास्थ्य उपचार सेवा सुरू गर्न प्रदेश तथा स्थानीय तहलाई प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने । | | √ | दीर्घकालीक उपचारका लागि प्रदेश तथा स्थानीय तहमा क्षमता विकास हुने |
| बहुऔषधीय उपयोगबाट हुनसक्ने नकारात्मक असर र परिणामलाई घटाउन ज्येष्ठ नागरिकको औषधीय सुरक्षाका लागि पोलिफार्मेसी संयन्त्र स्थापना गर्ने । | √ | | पोलिफार्मेसी संयन्त्र कार्यान्वयन गरिने |
| ज्येष्ठ नागरिकलाई लक्षित गरी दूरचिकित्सा (Telemedicine) तथा डिजिटाइज्ड उपचार प्रणालीको माध्यमबाट स्वास्थ्य सेवाप्रवाहको सुदृढ तथा विस्तार गर्ने । | √ | √ | दूरचिकित्सा तथा डिजिटाइज्ड उपचार प्रणालीका विस्तार हुने |
| ज्येष्ठ नागरिकलाई प्रशामक (Palliative) उपचार सेवालगायत दीर्घकालीक उपचार सेवा उपलब्ध गराउन नर्स, नर्स सहयोगी तथा सामाजिक कार्यकर्ता एवम् स्वयंसेवकको समूह बनाइ परिचालन गर्ने। | | √ | दीर्घकालीक उपचारका लागि जनशक्ति क्षमता हासिल हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| दीर्घकालीक उपचार सेवाका लागि सरोकारवाला सङ्गठनहरूका बीचमा साझेदारी निर्माण गर्ने । | | √ | दीर्घकालीक उपचारका लागि साझेदारी बढ्ने |
| जेरियाट्रिक स्वास्थ्य सेवा सुविधा उपलब्ध भएका नजिकको स्वास्थ्य संस्थामा उपचार गराउन सकिने गरी उपयुक्त प्रेषणको संयन्त्र स्थापना गर्ने । | | √ | प्रेषणको संयन्त्र स्थापना हुने |
| **कार्यनीति २.१.४ जेरियाट्रिक स्वास्थ्य सेवाका लागि जवाफदेही प्रणाली सुनिश्चित गर्नुका साथै विद्यमान प्रणालीलाई जवाफदेहिताको दृष्टिले संवर्द्धन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| स्वस्थ बुढेस्कालसँग सम्बन्धित सेवाप्रवाह र कार्यसम्पादनका सूचकहरूलाई स्वास्थ्य सेवाको प्रगति समीक्षा तथा विकास समस्या समाधान पद्धतिसँग एकीकृत गर्ने । | √ | | अनुगमन र मूल्याङ्कनमा जेरियाट्रिक सूचक राखिने |
| जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादनका लागि अनुगमन तथा मूल्याङ्कन कार्यढाँचाको विकास गर्ने । | √ | | अनुगमन तथा मूल्याङ्कन कार्यढाँचाको विकास हुने |
| ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारसम्बन्धी सूचना र जानकारीको आदान-प्रदान गर्न सञ्जालको संयन्त्र विकास गर्ने । | | √ | सूचना सन्जाल क्रियाशील हुने |
| जेरियाट्रिक स्वास्थ्य सेवाको प्रभाव मूल्याङ्कन गराउने । | | √ | जेरियाट्रिक स्वास्थ्य सेवाको प्रभाव मूल्याङ्कन हुने |
| जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादनलाई आवधिक तथा वार्षिक कार्यसम्पादन प्रगतिको समीक्षा संयन्त्रसँग आवद्ध र एकाकार गर्ने । | √ | | जेरियाट्रिक स्वास्थ्य सेवाको कार्यसम्पादनको एकीकृत रूपमा समीक्षा हुने |
| जेरियाट्रिक स्वास्थ्य सेवाको उपयुक्तता तथा प्रभावकारिता अभिवृद्धि गर्न स्वतन्त्र | | √ | स्वतन्त्र रूपमा कार्यमूलक अनुसन्धान हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| रूपमा कार्यमूलक अनुसन्धान गराउने । | | | |
| **कार्यनीति २.१.५ एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा ज्येष्ठ नागरिकले उपयोग गरेका सेवासँग सम्बन्धित सूचकहरू एकाकार तथा आवद्ध गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| ज्येष्ठ नागरिकको स्वास्थ्य स्थितिको एकीकृत नक्साङ्कन प्रणालीको विकास गर्ने । | √ | | ज्येष्ठ नागरिकको स्वास्थ्य स्थितिको एकीकृत नक्साङ्कन हुने |
| उमेरमा आधारित तथा लैङ्गिक भिन्नता तथा सामाजिक एवम् आर्थिक रूपमा खण्डीकृत सूचना र तथ्याङ्कलाई जेरियाट्रिक स्वास्थ्य योजना, कार्यक्रम निर्माण र बजेट तर्जुमाको कार्यमा उपयोग गर्ने गरी एकीकृत तथा सुदृढ गर्ने । | √ | | सामाजिक आर्थिक रूपमा खण्डीकृत तथ्याङ्क व्यवस्थापन क्षमता बढ्ने |
| जेरियाट्रिक स्वास्थ्य सरोकारका विषयलाई तथ्य प्रमाणको विश्लेषणमा आधारित हुने गरी सुदृढ गर्ने । | √ | | तथ्यप्रमाणमा आधारित विश्लेषण सुदृढ हुने |
| **कार्यनीति २.१.६ कोविड-१९ तथा अन्य किसिमका महामारीबाट ज्येष्ठ नागरिकमा हुने स्वास्थ्य जोखिमलाई अल्पीकरण (mitigation) र न्यूनीकरण गर्नका लागि स्वास्थ्य उपचारसम्बन्धी प्रतिकार्य तथा सेवा उपलब्ध गराइनेछ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| कोविड-१९ को प्रतिकार्यका आमसञ्चारका माध्यमबाट अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने । | √ | | आमसञ्चारका माध्यमबाट अभियानमूलक कार्यक्रम सञ्चालन हुने |
| ज्येष्ठ नागरिकका लागि दूरचिकित्सा स्वास्थ्य परामर्श सेवाको सुरूवात गर्ने । | | √ | दूरचिकित्सा सेवाको सुरूवात हुने |
| बढ्दो उमेर समूहका वयस्क व्यक्तिका लागि हेरचाहकर्ताहरूलाई प्रशिक्षित तथा सशक्त तुल्याउने । | √ | √ | अनौपचारिक तहमा कार्य गर्ने हेरचाहकर्ता सशक्त हुने |
| सामुदायिक स्वास्थ्य केन्द्र तथा उपचार | √ | | स्वास्थ्य संस्थाबीचको सहकार्य |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| सेवा उपलब्ध गराउने निकायबीच ज्येष्ठ नागरिकलाई प्रभावकारी रूपमा प्रेषण सेवा तथा क्लिनिकल उपचार सेवा उपलब्ध गराउनका लागि सहकार्यात्मक पद्धतिमा सुधार गर्ने । | | | सुधारिएको हुने |
| कोविड-१९ को सङ्क्रमणको निदान गरिएका वा शङ्कास्पद देखिएका ज्येष्ठ नागरिकलाई नजिकको स्वास्थ्य सेवा दिने संस्थामा पुऱ्याउनका लागि विशिष्ट एम्बुलेन्स सेवा उपलब्ध गराउने । | √ | | समर्पित एम्बुलेन्स सेवामा सुधार हुने |
| कोविड-१९ विरुद्ध सबै ज्येष्ठ नागरिकलाई खोप लगाउन योजना बनाउने र कार्यान्वयन गर्ने । | √ | √ | कोविड-१९ विरुद्ध सबै ज्येष्ठ नागरिकलाई खोप लगाइने |
| **कार्यनीति २.१.७ जेरियाट्रिक स्वास्थ्यको क्षेत्रमा पेशागत रूपमा दक्ष जनशक्ति पर्याप्त मात्रामा उपलब्ध गराउन मानवस्रोत विकास योजना कार्यान्वयन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक स्वास्थ्यकर्मीका लागि जनशक्ति योजना बनानउने । | √ | | जेरियाट्रिक स्वास्थ्यमा जनशक्ति योजना स्वीकृत हुने |
| जेरियाट्रिक स्वास्थ्यमा जनशक्ति योजना कार्यान्वयन गर्ने। | | √ | जेरियाट्रिक स्वास्थ्यमा जनशक्ति योजना कार्यान्वयनमा ल्याइने |
| सङ्घीय तथा प्रदेश तहका अस्पतालमा जेरियाट्रिक चिकित्सकको पदको दरवन्दी स्वीकृत गर्ने र पदपूर्ति गराउने । | √ | | जेरियाट्रिक चिकित्सकको पदको दरवन्दी स्वीकृत भई उपलब्ध हुने |
| चिकित्सा प्रतिष्ठान तथा पेशागत सङ्घसंस्थासँग जेरियाट्रिक स्वास्थ्य क्षेत्रका विज्ञको उपलब्धताका लागि प्रेरित (persuasive) साझेदारी निर्माण गर्ने । | | √ | प्रेरक साझेदारी निर्माण हुने |
| **कार्यनीति २.१.८ जेरियाट्रिक क्षेत्रका स्वास्थ्यकर्मीलाई प्रभावकारी रूपमा उपयोग गर्नका लागि उनीहरूमा** | | | |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| उत्प्रेरणा र मनोवल बढाउने कार्य गरिने छ । | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक विषयमा विषयविज्ञ चिकित्सकको सूची तयार गरी अद्यावधिक गर्ने । | √ | | पेशागत कौशल र योग्यतासहितको सूची तयार हुने |
| सरकारी तथा निजीक्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत जेरियाट्रिक विषयका विज्ञ स्वास्थ्य कर्मचारीको वृत्ति विकासको योजना बनाइ कार्यान्वयन गर्ने । | | √ | वृत्ति विकासको योजना बनेको हुने |
| **कार्यनीति २.१.९ प्रभावकारी रूपमा जेरियाट्रिक स्वास्थ्य सेवाप्रवाह गर्न स्वास्थ्यकर्मीको क्षमता विकास गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक स्वास्थ्य सेवाका लागि जनशक्तिक्षमता विकासको योजना कार्यान्वयन गर्ने । | √ | | जनशक्ति क्षमता विकासको योजना कार्यान्वयन हुने |
| निदिष्ट स्वास्थ्य संस्थामा उपचारमा संलग्न जेरियाट्रिक विज्ञ तथा स्वास्थ्यकर्मीको पेशागत दक्षताको विकास गर्ने । | √ | √ | जेरियाट्रिक स्वास्थ्यको विषयमा पेशागत दक्षता बढ्ने |
| चिकित्सा विज्ञान तथा नर्सिङ विषयमा उच्च तहमा तालिम तथा जेरियाट्रिक विषयको एम्.डी. र एम्.एन.को अध्ययन सुरू गर्ने । | | √ | जेरियाट्रिक विषयमा अध्ययन र तालिमका लागि पद्धति निर्माण गर्ने |
| सेवाकालीन तालिम कार्यक्रममा जेरियाट्रिक विषय समावेश गर्ने । | √ | √ | सेवाकालीन तालिममा जेरियाट्रिक विषय समावेश हुने |
| एम्.डी.जी.पी. विशेषज्ञहरूका लागि जेरियाट्रिक चिकित्साको क्षेत्रमा फेलोशीप कार्यक्रम सुरू गर्ने । | √ | | जेरियाट्रिक चिकित्साको क्षेत्रमा फेलोशीप कार्यक्रम सुरू हुने |
| हेरचाहकर्ताको ज्ञान र सीप अभिवृद्धिका | √ | √ | सबै तहमा सीपयुक्त हेरचाहकर्ता |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण<br>पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | <br>दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | उपलब्धिको सूचक |
|---|---|---|---|
| लागि तालिम प्याकेजको विकास गर्ने । | | | उपलब्ध हुने |
| सङ्घीय तथा प्रदेश तहका अस्पतालहरूमा जेरियाट्रिक चिकित्सा सेवामा सहयोग पुऱ्याउन जेरियाट्रिक उपचारमा संलग्न मेडिकल अधिकृत तथा नर्सिङ सेवाका कर्मचारीलाई पेशागत दक्षता अभिवृद्धि प्रशिक्षण प्रदान गर्ने । | √ | √ | सबै तहमा दक्ष मेडिकल अधिकृत,नर्सिङ स्वास्थ्य कर्मचारी उपलब्ध हुने |
| **रणनीति २.२ ज्येष्ठ नागरिक तथा उनीहरूका परिवारका सदस्यको आवश्यकतालाई सम्बोधन गर्ने गरी सामाजिक स्वास्थ्य बिमा प्रणालीमा नवीन तथा कार्यान्वयनयोग्य सुधारका उपायसहित विस्तार तथा सुदृढीकरण गर्ने ।** | | | |
| **कार्यनीति २.२.१ अस्पताल तथा स्वास्थ्य संस्थाको सामाजिक स्वास्थ्य बिमा सेवा व्यवस्थापन क्षमताको विकास गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| अस्पतालहरूको ज्येष्ठ नागरिकका बिमा व्यवस्थापन क्षमताको लेखाजोखा गर्ने । | √ | | क्षमताको लेखाजोखा हुने |
| अस्पतालहरूको ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यसम्पादनको मूल्याङ्कन गर्ने । | √ | √ | बिमा कार्यसम्पादनको मूल्याङ्कन हुने |
| कार्यमूलक अनुसन्धानका आधारमा ज्येष्ठ नागरिकका लागि कार्यान्वयनमा ल्याइएको सामाजिक स्वास्थ्य बिमाको सुधारका लागि सिफारिस तयार गर्ने । | √ | | सुधारका लागि सिफारिस प्राप्त हुने |
| ज्येष्ठ नागरिकक सामाजिक स्वास्थ्य बिमा सम्बन्धमा अस्पताल व्यवस्थापनको क्षमता विकास गर्न कार्यक्रम कार्यान्वयन गर्ने । | | √ | अस्पतालको क्षमता सुदृढ हुने |
| **कार्यनीति २.२.२ सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा ज्येष्ठ नागरिक तथा तिनका परिवारलाई सहभागी गराउन प्रोत्साहित र उत्प्रेरित गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा भाग लिन ज्येष्ठ नागरिक र तिनका परिवारलाई | √ | √ | ज्येष्ठ नागरिकमा जागरण र उत्प्रेरणा हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| उत्प्रेरित गर्ने अभियान सञ्चालन गर्ने । | | | |
| ज्येष्ठ नागरिक र तिनका परिवारलाई सामाजिक बिमा कार्यक्रममा भाग लिनमा परिआएका बाधाअड्चनको लेखाजोखा गर्न स्वतन्त्र रूपमा अध्ययन गराउने । | √ | | स्वतन्त्र रूपमा अध्ययन भएको हुने |
| विपन्न तथा सीमान्तीकृत समुदायका ज्येष्ठ नागरिलाई सामाजिक स्वास्थ्य बिमा कार्यक्रममा पहुँच बढाउन र उनीहरूलाई उत्प्रेरित गर्न योजना बनाउने । | √ | | सामाजिक स्वास्थ्य बिमामा समावेशी पहुँच बढाउन योजना बन्ने |
| **कार्यनीति २.२.३ ज्येष्ठ नागरिकका लागि गरिने सामाजिक स्वास्थ्य बिमा योजनामा थप लगानीका लागि वहन गर्न सकिने तथा दिगो किसिमको वित्तीय उपाय अवलम्बन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| सामाजिक स्वास्थ्य बिमा प्रणालीको वित्तीय व्यवस्थाको लेखाजोखा तथा विश्लेषण गर्ने । | √ | | वित्तीय व्यवस्थाको लेखाजोखा गरिने |
| स्वास्थ्य बिमा कार्यक्रमका लागि उपलब्ध गराइएको लाभ रकमको सीमा बढाउनका लागि तथा विस्तारका लागि बैकल्पिक वित्तीय व्यवस्थाको खोजी गर्ने । | | √ | बैकल्पिक वित्तीय व्यवस्थाको खोजी हुने |
| ज्येष्ठ नागरिकका लागि विस्तारित सामाजिक स्वास्थ्य बिमा कार्यक्रमका लागि योगदानमा आधारित गर्न वित्तीय व्यवस्थाको खोजी गर्ने । | | √ | योगदानमा आधारित गर्न वित्तीय उपायको खोजी हुने |
| सत्तरी वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई बिमा कार्यक्रममार्फत निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने । | √ | | सत्तरी वर्ष माथिका सबै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध हुने |
| ***उद्देश्य ३. जेरियाट्रिक स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउन बहुपक्षीय समन्वय, सामञ्जस्य, सहकार्य तथा साझेदारीको प्रवर्द्धन गर्नु ।*** | | | |
| **रणनीति ३.१ ज्येष्ठ नागरिकको स्वास्थ्य सरोकारका पक्षलाई सबै तहको स्वास्थ्य सेवाप्रवाह प्रणालीमा** | | | |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| मूलप्रवाहीकरण तथा संस्थागत गर्ने । | | | |
| **कार्यनीति ३.१.१ स्वस्थ बुढेस्कालका लागि बहुक्षेत्रीय जिम्मेवारी वहन गर्ने साथै सबै क्षेत्र र सरकारका सबै तहको सुदृढ एवम् विस्तारित रूपमा सहभागिता गराउन सवल वातावरण निर्माण गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक स्वास्थ्यलाई मूलप्रवाहीकरण गर्न तौरतरिका र उपाय अवलम्बन गर्ने । | √ | | मूलप्रवाहीकरण हुने |
| ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य उपचारसँग सम्बन्धित सरोकारका विषयको सम्बोधन गर्ने । | | √ | ज्येष्ठ नागरिकका मुद्दा एकीकरण हुने |
| ज्येष्ठ नागरिक तथा उनीहरूको प्रतिनिधिमूलक सङ्घसंस्थालाई जेरियाट्रिक स्वास्थ्य प्रणालीमा सुधारका प्रक्रियामा सहभागी गराउने गरी प्रक्रिया र अभ्यासमा सुधार गर्ने । | √ | √ | ज्येष्ठ नागरिकको सहभागिता अभिवृद्धि हुने |
| स्नातक तथा स्नातकोत्तर तहका चिकित्सा विज्ञानको पाठ्यक्रममा स्वस्थ बुढेस्कालको प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने । | | √ | चिकित्सा शिक्षाको स्नातकोत्तर तहमा जेरियाट्रिक चिकित्सा विषय समावेश हुने |
| **कार्यनीति ३.१.२ प्रदेश तथा स्थानीय तहमा जेरियाट्रिक स्वास्थ्य सेवालाई मूलप्रवाहीकरण गर्न तथा संस्थागत गर्न समन्वय र सामञ्जस्य सुदृढ तुल्याइने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| जेरियाट्रिक स्वास्थ्य सेवाका लागि सङ्घीय, प्रदेश तथा स्थानीय तहका स्वास्थ्य पदाधिकारीहरूको आवधिक संयुक्त योजना बैठकको आयोजना गर्ने । | √ | | संयुक्त योजना प्रणालीको सुरूवात हुने |
| प्रदेश तथा स्थानीय स्वास्थ्य प्रणाली अन्तर्गत जेरियाट्रिक स्वास्थ्य सेवा सुदृढ तुल्याउनका प्राविधिक सहयोग उपलब्ध गराउने । | √ | | प्रदेश तथा स्थानीय स्वास्थ्य प्रणालीमा जेरियाट्रिक स्वास्थ्य सेवाका लागि प्राविधिक सहयोग उपलब्ध हुने |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| ज्येष्ठ नागरिकको स्वास्थ्यसँग सम्बन्धित ज्ञान तथा प्रचलन एवम् अभ्यासको आदान प्रदान गर्न नियमित रूपमा परामर्श तथा समीक्षा बैठक सञ्चालन गर्ने । | √ | √ | ज्ञान र अभ्यासको आदान प्रदान हुने |
| स्थानीय तहको स्वास्थ्य व्यवस्थापनमा जेरियाट्रिक स्वास्थ्य सेवालाई संस्थागत गर्न तथा क्षमता अभिवृद्धिका आवश्यक प्राविधिक तथा स्वास्थ्य व्यवस्थापन सहयोग उपलब्ध गराउने । | | √ | जेरियाट्रिक स्वास्थ्य सेवालाई स्थानीयकरण गर्न सहयोग उलपब्ध हुने |
| **रणनीति ३.२ प्रभावकारी रूपमा जेरियाट्रिक स्वास्थ्य सेवाका लागि अन्तरतहगत तथा अन्तरक्षेत्रगत समन्वय र सामञ्जस्य सुदृढ तुल्याउने ।** | | | |
| **कार्यनीति ३.२.१ जेरियाट्रिक स्वास्थ्य सेवा व्यवस्थापनलाई सहभागितामूलक तुल्याउन बहुपक्षीय सहकार्य र साझेदारी प्रवर्द्धन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| सङ्घीय, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सामञ्जस्यका लागि विधि निर्माण गर्ने । | | √ | अन्तरतह समन्वय र सामञ्जस्यमा सुधार हुने |
| जेरियाट्रिक स्वास्थ्यका क्षेत्रमा सहकार्य र साझेदारी प्रवर्द्धन गर्न बहुपक्षीय सहकार्य र साझेदारीको कार्यविधि बनाउने । | | √ | बहुपक्षीय सहकार्यर साझेदारीको कार्यविधि निर्माण हुने |
| जेरियाट्रिक स्वास्थ्य सेवा क्षेत्रमा कार्यरत सङ्घसंस्थाको सूची अभिलेखीकृत गर्ने र समन्वयात्मक रूपमा उपयोग गर्ने । | √ | | सूची अभिलेखीकृत र उपयोग हुने |
| **कार्यनीति ३.२.२ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य बिमा कार्यक्रमको विस्तारका लागि सहकार्य र साझेदारी प्रवर्द्धन गरिने छ ।** | | | |
| **कार्यक्रम र क्रियाकलाप** | | | |
| सामाजिक स्वास्थ्य बिमा विस्तारका लागि सहकार्य गर्ने । | | √ | विस्तारका लागि सहकार्य अभिवृद्धि हुने |
| सबै स्थानीय तहमा ज्येष्ठ नागरिक र | | √ | ज्येष्ठ नागरिक र तिनका परिवार |

| कार्यक्रम तथा क्रियाकलाप | कार्यान्वयनको चरण | | उपलब्धिको सूचक |
|---|---|---|---|
| | पहिलो चरण २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण २०८३/९४ देखि २०८६/८७ सम्म | |
| तिनका परिवारलाई स्वास्थ्य बिमा प्रणालीमा समेट्नका लागि प्रोत्साहित गर्ने । | | | समेटिने |
| ज्येष्ठ नागरिकका लागि समता र समावेशिता सुनिश्चित हुने गरी सुधार गर्न र विस्तार गर्न बहुपक्षीय सहकार्यमा आधारित स्वास्थ्य बिमाको नवीन दृष्टिकोण र तरिकाको खोजी गर्ने । | | √ | सामाजिक बिमामा समता र समावेशिता अभिवृद्धि हुने |
| ज्येष्ठ नागरिक तथा उनीहरूका परिवारको सामाजिक बिमा योजनामा सहभागिता बढाउन सहकार्य र साझेदारी विस्तार गर्ने । | √ | √ | बहुक्षेत्रगत सहकार्य र साझेदारी विस्तार हुने |

*माथि दिइएका कार्यक्रम र क्रियाकलापको कार्यान्वयन सबै नै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारीमा पर्ने भएकाले यसमा जिम्मेवारीको छुट्टै ढाँचा प्रस्ताव गरिएको छैन । आन्तरिक अभ्यासका आधारमा मन्त्रालयले अन्तर्गतका विभिन्न विभाग/महाशाखा/केन्द्रलगायत मातहतका निकायको कार्यक्रम र बजेटको प्रयोजनका लागि जिम्मेवारीको ढाँचा तयार गर्नेछ ।

## अनुसूची-२:नतिजा अनुगमन कार्यढाँचा

| क्र.सं. | कार्यसम्पादनकाप्रमुख सूचक/नतिजाका क्षेत्र | कार्यसम्पादनको एकाइ | परिमाणात्मक लक्ष्य | | परीक्षणको स्रोत |
|---|---|---|---|---|---|
| | | | पहिलो चरण* २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण# २०८३/९४ देखि २०८६/८७ सम्म | |
| **उद्देश्य १: बुढेसकालको जनसङ्ख्या र खासगरी ज्येष्ठ नागरिकलाई जीवनपर्यन्त स्वास्थ्य प्रवर्द्धन र संरक्षणका स्वास्थ्य सेवाउपलब्ध गराउनु ।** | | | | | |
| १. | जेरियाट्रिक स्वास्थ्य विषयमा प्राथमिक स्वास्थ्य उपचार तहका स्वास्थ्यकर्मीलाई तालिम | प्रतिशत | २५ | ५० | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको वार्षिक प्रतिवेदन, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको वार्षिक प्रतिवेदन |
| २. | ज्येष्ठ नागरिकका लागि इन्फ्लुएन्जा, Pneumococcal, Shingles/Zoster तथा Tetanus विरुद्ध खोप सेवा | प्रतिशत | २५ | ५० | मन्त्रालयको वार्षिक प्रतिवेदन |
| **उद्देश्य २:ज्येष्ठ नागरिकका लागि प्रभावकारी तथा जवाफदेही स्वास्थ्य सेवाप्रवाह प्रणालीको विकास गर्नु ।** | | | | | |
| ३ | प्रत्येक प्रदेशमा कम्तीमा एक अस्पतालमा जेरियाट्रिक विशिष्टीकृत विभागको सञ्चालन | सङ्ख्या | ३० | ७ | मन्त्रालयको वार्षिक प्रतिवेदन |
| ४ | पचास सैयाभन्दा बढीको क्षमता भएका अस्पतालमा ज्येष्ठ नागरिकका लागि ओ.पी.डी.सहित विशेष उपचार सेवा सञ्चालन | प्रतिशत | ५० | ९० | मन्त्रालयको वार्षिक प्रतिवेदन |
| ५ | एकसय सैयाभन्दा बढीको क्षमता भएका स्वास्थ्य | प्रतिशत | ५० | ९० | मन्त्रालयको वार्षिक प्रतिवेदन |

| क्र.सं. | कार्यसम्पादनकाप्रमुख सूचक/नतिजाका क्षेत्र | कार्यसम्पादनको एकाइ | परिमाणात्मक लक्ष्य | | परीक्षणको स्रोत |
|---|---|---|---|---|---|
| | | | पहिलो चरण* २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण# २०८३/९४ देखि २०८६/८७ सम्म | |
| | संस्थामा ज्येष्ठ नागरिकको उपचारका लागि छुट्टै वार्ड सञ्चालन । | | | | |
| ६ | जेरियाट्रिक स्वास्थ्य सेवाको प्रभाव मूल्याङ्कन | सङ्ख्या/पटक | १ | २ | मन्त्रालयको वार्षिक प्रतिवेदन,प्रभाव मूल्याङ्कन प्रतिवेदन |
| ७ | कोविड-१९का विरुद्ध ज्येष्ठ नागरिकलाई खोप सेवाको उपलब्धता | प्रतिशत | ९० | ९५ | मन्त्रालयको वार्षिक प्रतिवेदन, स्वास्थ्यव्यवस्थापन सूचना प्रणाली |
| ८ | जेरियाट्रिक चिकित्सकको उत्पादन | सङ्ख्या | १५ | ४० | मन्त्रालयको वार्षिक प्रतिवेदन, स्वास्थ्यव्यवस्थापन सूचना प्रणाली |
| ९ | जेरियाट्रिक चिकित्सामा तालिमप्राप्त चिकित्सकको उपलब्धता | सङ्ख्या | १५० | ३०० | मन्त्रालयको वार्षिक प्रतिवेदन |
| १० | जेरियाट्रिक विषयमा तालिमप्राप्त नर्सको उपलब्धता | सङ्ख्या | २५० | ५०० | मन्त्रालयको वार्षिक प्रतिवेदन, राष्ट्रिय स्वास्थ्यतालिम केन्द्रको वार्षिक प्रतिवेदन |
| ११ | वार्षिकरूपमा हाइपरटेन्सन परीक्षण सेवामा ज्येष्ठ नागरिकको पहुँच | प्रतिशत | ४० | ६० | मन्त्रालयको वार्षिक प्रतिवेदन |

| क्र.सं. | कार्यसम्पादनकाप्रमुख सूचक/नतिजाका क्षेत्र | कार्यसम्पादनको एकाइ | परिमाणात्मक लक्ष्य | | परीक्षणको स्रोत |
|---|---|---|---|---|---|
| | | | पहिलो चरण* २०७८/७९ देखि २०८२/८३ सम्म | दोस्रो चरण# २०८३/९४ देखि २०८६/८७ सम्म | |
| १२ | ज्येष्ठ नागरिकलक्षित सामाजिक स्वास्थ्य बिमा कार्यक्रमको स्वतन्त्र रूपमा मूल्याङ्कन | सङ्ख्या | १ | १ | मन्त्रालयको वार्षिक प्रतिवेदन, स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन, बिमा सूचनाव्यवस्थापन प्रणाली |
| १३ | स्वास्थ्य बिमा कार्यक्रममा ज्येष्ठ नागरिकको सहभागिता बृद्धि | प्रतिशत | ३० | ५० | मन्त्रालयको वार्षिक प्रतिवेदन, स्वास्थ्य बिमा बोर्डको वार्षिक प्रतिवेदन, बिमा सूचनाव्यवस्थापन प्रणाली |
| **उद्देश्य ३: जेरियाट्रिक स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउन बहुपक्षीय समन्वय, सामञ्जस्य, सहकार्य तथा साझेदारीको प्रवर्द्धन गर्नु ।** | | | | | |
| १४ | प्रदेश तहमा जेरियाट्रिक स्वास्थ्य सेवा संस्थागत गर्ने | प्रदेश सङ्ख्या | ३ | ७ | जेरियाट्रिक स्वास्थ्य सेवा संस्थागत हुने |
| १५ | स्थानीय तहमा जेरियाट्रिक स्वास्थ्य सेवा संस्थागत गर्ने | स्थानीय तहको प्रतिशत | ६० | ८० | जेरियाट्रिक स्वास्थ्य सेवा संस्थागत हुने |

*हालसम्म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जेरियाट्रिक स्वास्थ्य सेवाको सूचकको आधाररेखा सूचना र तथ्याङ्क कायम गरिनसकेको हुँदायसमा आधाररेखा तथ्याङ्क समावेश गरिएको छैन ।

# दोस्रो चरणको परिमाणात्मक लक्ष्यमा पहिलो चरणको लक्ष्यसमेतको गणना (consolidated target) गरिएको छ ।

***     ***     ***